का.जि.प्र.का.द.नं. १००/०५९/६०
१३ पुस २०८२
आइतबार
28 December 2025
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २३, अंक ३१८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# भान्छामै विष !

सरकारले कृषिबालीमा प्रयोगका लागि १ सय ६४ वटा प्रकारका विषादी प्रयोग अनुमति दिएको छ। तर यसमध्ये कार्बामेट र अर्गानोफस्फेट समूहका विषादी मात्रै जाँच हुने गरेका छन्।



**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, १२ पुस

मौसमको साग भनेर खाएको रायोमा ९९ प्रतिशतसम्म विषादी होला भनेर कल्पनै नगरेको बताउँछिन् अनामनगरकी निर्मला केसी । 'रायोको साग खाइरहेका छौं भनेको त विषादी पो खाइरहेका रहेछौं,' केसीले भन्छिन्, 'विषादी नै विषादी भएको सागले स्वास्थ्यमा कति असर गर्ने होला ?' आफ्नो भान्छामा प्रायः साग पाक्ने गरेको उनी बताउँछिन् ।

मंगलबार कालीमाटी बजारमा बिक्रीका लागि ल्याइएको रायो सागमा ९९ दशमलव ८ प्रतिशत 'अर्गानोफस्फेट' नामक विषादी भेटिएको कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले जानकारी गराएको छ । केन्द्रीय कृषि प्रयोगशालाले मंगलबार कालीमाटी तरकारी बजारका १५ पसलको १५ थरी तरकारी तथा फलफूल परीक्षण गर्दा रायो सागमा उक्त मात्रामा विषादी भेटिएको हो । विषादीको मात्रा धेरै भेटिएको उक्त रायो साग उपभोग गर्न पूर्ण अयोग्य रहेको जनाइएको छ ।

त्यस्तै, केही महिना पहिले कालीमाटी तरकारी बजारमा भित्रिएको हरियो धनियाँमा पनि लगभग शतप्रतिशत मात्रामा विषादी भेटिएको थियो । काभ्रेपलाञ्चोकबाट बिक्रीका लागि कालीमाटी बजारमा ल्याइएको हरियो धनियाँमा ९९.३७९ प्रतिशत 'अर्गानोफस्फेट' नामक विषादी भेटिएको कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले जनाएको छ । केन्द्रीय कृषि प्रयोगशालाले कालीमाटी तरकारी बजारका १७ पसलको १७ थरी तरकारी तथा फलफूल परीक्षण गरेको थियो । परीक्षण क्रममा हरियो धनियाँमा उक्त मात्रामा विषादी भेटिएको हो । विषादीको मात्रा धेरै भेटिएको उक्त धनियाँ उपभोग अयोग्य रहेको प्रयोगशालाले जनाएको छ ।

साग र धनियाँमा मात्रै होइन काँक्रोमा पनि अत्यधिक विषादी भेटिएको छ । कृषि प्रयोगशाला एकाइले गरेको विषादी अवशेष परीक्षणमा काँक्रो र हरियो धनियाँ र साग उपभोग गर्न नमिल्ने मात्रामा विषादी रहेको पाइएको जनाएको छ ।

सरकारले अर्गानोफस्फेटमा प्रतिशत दर ३५ भन्दा कम हुँदा मात्रै उपभोगयोग्य मानेको छ । ३५ देखि ४५ प्रतिशत पाइए केही दिन राखेर मात्रै उपभोग गर्न सकिने मापदण्ड बनाएको छ ।

विषादी परीक्षण अवशेषको रिर्पोटअनुसार भक्तपुरका एक किसानले ल्याएको धनियाँमा अर्गानोफोस्फेट विषादीको मात्रा ५५.२९ प्रतिशत भेटिएको छ । त्यसैगरी, नवलपरासीक किसानले बेच्न ल्याएको काँक्रोमा अर्गानोफोस्फेटको मात्रा ४६.५ प्रतिशत रहेको पाइएको थियो ।

अर्गानोफोस्फेट र कार्बामेट विषादीको मात्रा ३५ प्रतिशतभन्दा कम भएमा मात्रै उक्त फलफूल वा तरकारी उपभोग योग्य मानिन्छ । ४५ प्रतिशत वा त्यभन्दा माथि विषादी भेटिएको हकमा उक्त तरकारी नष्ट गर्नुपर्ने प्रावधान छ । तर उच्च मात्रामा प्रयोग गरिएका विषादी तरकारी खुलेआम बेचिरहेका छन् । केन्द्रीय कृषि प्रयोगशालाका पृष्ठ २ मा




# चुनावी गियर बढाउँदै सरकार–दल



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १२ पुस ।

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभाको चुनावप्रति सबै राजनीतिक दलहरूबीच विश्वासको वातावरण बन्दै गएको छ । जेनजी आन्दोलनबाट भड्कीएका ठुला राजनीतिक दलहरूलाई सहमतिको विन्दुमा ल्याउने क्रममा प्रधानमन्त्री सुशीला कार्कीले शनिबार बालुवाटारस्थित कार्यालयमा संवाद गरिन् ।

त्यसक्रममा उनले नेपाली कांग्रेसका सभापति एवम् पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा एमालका अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का संयोजक एवम् पूर्व प्रधानमन्त्री पुष्पकमल दाहालसँग सामुहिक भेटवार्ता गरेकी हुन् । आन्दोलनबाट सत्ता च्युत हुन पुगेका ओली-देउवा र दाहाल भदौ २४ पछि पहिलो पटक बालुवाटार प्रवेश गरेका छन् । कार्कीले प्रधानमन्त्री नियुक्ती भएपछि यी नेताहरूको मुखै हेर्न मन छैन भनेकी थिईन् । त्यही क्रममा उनले नेताहरूमाथि भ्रष्टाचारको छानविन गरेर जेल हाल्ने र चुनावबाट नयाँ पुस्ताको प्रतिनिधित्वसहित सत्ताको चावी बुझाउने प्रतिवद्दता समेत व्यक्त गरेकी थिईन् ।

तर अहिले समय बदलीयो, मान्छेहरूको सोच र अवस्था पनि बदलिएको छ । प्रधानमन्त्रीमाथि चुनावी दबाब बाहेक खासै केही देखिदैन् । उनले फागुन २१ को चुनाव गराएर विदा लिने योजनासहित सबै दलहरूसँग सघन संवादलाई तीब्रता दिएकी छन् । शनिबार ठुला दलका शीर्ष नेताहरूसँगको भेटमा प्रधानमन्त्री कार्कीले चुनावको सहज वातावरण निर्माणमा सहयोग गर्न बिन्ती बिसाईन् । 'मैले यहाँहरूलाई बोलाएर बिन्ती गर्न खोजेके के भने यो निार्वाचन जसरी पनि सफल पारौँ', प्रधानमन्त्री कार्कीले भनिन्, 'सबै यसमा सहभागी हुनुपर्छ । तपाईंहरू निर्वाचनका लागि तयारै हुनुहुन्छ भन्ने नै मैले देखेकी छु । यो स्वागतयोग्य छ ।' आफुले राष्ट्रपतिबाट चुनाव गराउने कार्यादेश पाएबमोजिम चुनावको तयारी गरेको उनले दलका नेताहरूसामुबताएकी छन् । 'यो घर तपाईंहरूकै हो । म त न्याय क्षेत्रको मान्छे । राष्ट्रपतिज्यूबाट चुनाव गराउने कार्यादेश पाएबमोजिम हामी चुनावको तयारी गरिरहेका छौँ । यो हामी सबैको जिम्मेवारी हो । यत्ति अनुरोध गर्न मैले यहाँहरूलाई निम्ता गरेकी हुँ ।' अब कुनै अलमल नगरी यो राष्ट्रको भविष्य सम्झेर, स्थिर र दिगो लोकतन्त्रको सुनिश्चितताका लागि चुनाव सफल पार्ने उनले आग्रह गरेको प्रधानमन्त्रीका सल्लाहाकार राम रावलले बताए । छलफल पश्चात नेताहरू चुनावप्रति थप सकारात्मक बनेका पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## स्वास्थ्य परीक्षण शुल्क वृद्धि खारेजविरुद्धको रिटमा आज बहस

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ पुस

वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षणका लागि गरिएको शुल्क वृद्धि खारेजविरुद्ध परेको उत्प्रेषण रिटमा आइतबार उच्च अदालत पाटनमा बहस हुने भएको छ ।

अनमोल मेडिकल सेन्टर प्रालिसमेत वादी रहेको रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, श्रममन्त्री, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्यमन्त्री, वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार बोर्डको सचिवालयलाई विपक्षी बनाइएको छ ।


गत पुस ६ गते दायर भएको उत्प्रेषण रिटमाथि यसअघि पुस ७ गते न्यायाधीश केशवप्रसाद बास्तोलाको एकल इजलासमा छलफल भएको थियो । उक्त छलफलमा निवेदनका कानुन व्यवसायीको बहस सुनेपछि न्यायाधीश बास्तोलाबाट शुल्क वृद्धि खारेजीका सम्बन्धमा कारण देखाऊ आदेश जारी गर्दै निवेदकले माग गरेबमोजिमको अन्तरिम आदेश जारी गर्ने-नगर्ने विषयको छलफलमा विपक्षीलाई झिकाउने आदेश भएको थियो ।

रिटमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई विपक्षी बनाइएको छैन । तर संघले कामदारको स्वास्थ्य परीक्षण शुल्कसम्बन्धी पृष्ठ २ मा

### द्वन्द्वपीडित तथा अपाङ्गता भएका बालबालिकालाई नेवाः समाजको सहयोग



**काठमाडौं/मस–** वैदेशिक रोजगार व्यवसायी नेवाः समाजले शंखरापुर नगरपालिका वडा नं. ६ सलम्बुटारस्थित द्वन्द्वपीडित तथा अपाङ्ग समाज नेपालमा आश्रित बालबालिकालाई खाना, नगद तथा न्यानो कपडा सहयोग गरेको छ । समाजका अध्यक्ष किसन प्रधानको नेतृत्वमा शुक्रबार गएको नेवाः समाजको पृष्ठ २ मा




# थपिएका मतदातामा महिला कम



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १२ पुस

९ लाख बढी नयाँ मतदाता थपिएका छन् । जसले २१ फागुनको प्रतिनिधि सभा निर्वाचनमा पहिलो पटक मतदान गर्न पाउनेछन् ।

निर्वाचन आयोगले अन्तिम मतदाता नामावली प्रकाशन गरेको छ । मतदाता नामावली ऐन २०७३ को दफा २० बमोजिम अन्तिम मतदाता नामावली प्रकाशन भएको हो । निर्वाचन आयोगका अनुसार आगामी फागुन २० गतेसम्ममा १८ वर्ष उमेर पूरा हुने नागरिकहरूको विवरणलाई अद्यावधिक गरी अन्तिम मतदाता नामावली प्रकाशन गरिएको छ ।

प्रकाशित अन्तिम मतदाता नामावलीमा ९६ लाख ६३ हजार ३५८ पुरुष मतदाता रहेका छन् भने ९२ लाख ४० हजार १३१ महिला र अन्य २०० गरी जम्मा १ करोड ८९ लाख ३ हजार ६८९ मतदाता समावेश भएका छन् ।

सम्बन्धित मतदाताले मतदाता नामावलीमा आफ्नो नाम हेर्न सक्ने गरी अन्तिम मतदाता नामावली निर्वाचन आयोगको बेवसाइटमा राखिएको छ ।

४ मंसिर २०७९ मा सम्पन्न प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा पुरुष ९१ लाख ४० हजार ८०६, महिला ८८ लाख ४७ हजार ५७९ र अन्य १८५ गरी कुल मतदाताको संख्या १ एकरोड ७९ लाख ८८ हजार ५७० रहेका थिए । अघिल्लो निर्वाचनको तुलनामा यसपटक पृष्ठ २ मा

प्रतिलिपि अधिकार संरक्षण गरौं ।
- सर्जकको सम्मान शब्दले होइन व्यवहारमा गरौं।
- सिर्जनालाई बचाऔं, सर्जकलाई सम्मान गरौं।
- अर्काको सृजना वा रचना चोरी नगरौं।
- प्रतिलिपि अधिकार उल्लंघन नगरौं।
- बौद्धिक सम्पत्तिको रक्षा गरौं।
- सृजनाको संरक्षण गरौं।

सर्जकलाई सम्मान,
प्रतिलिपि अधिकारको संरक्षण ।

नेपाल सरकार
विज्ञापन बोर्ड

मध्यान्ह
www.madhyanhadaily.com
१३ पुस २०८२ आइतबार
28 December 2025 Sunday

गृहमन्त्रीको एक सय दिन

# सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणमा आशा जगाउने काम गरेको दाबी



**काठमाडौं/मस–** गृहमन्त्री ओमप्रकाश अर्यालले सरकारले नागरिकमा विश्वास र आशा जगाउने प्रयास गरेको बताएका छन् । गृहमन्त्रालयको नेतृत्व सम्हालेको १ सय दिने कार्यकालका उपलब्धि सार्वजनिक गर्दै उनले सरकार राहत वितरण, शान्तिसुरक्षा व्यवस्थापन, सुशासन र निर्वाचन तयारीलगायतमा केन्द्रित रहेको बताएका हुन् । गत भदौ २३-२४ गतेको जेनजी आन्दोलनमा व्यक्त भावना र तत्कालीन परिस्थितिमा शहीद परिवार र घाइतेको मलमपट्टि गर्दै सरकारले फागुन २१ गतेको निर्वाचनको तयारी अघि बढाइरहेको स्पष्ट पारेका छन् । उनले भनेका छन्, 'जेनजीले मागेका सुशासन, पारदर्शी राज्य प्रणाली र भ्रष्टाचार अनुसन्धानमा सरकारले नागरिकमा विश्वास र आशा जगाउने प्रयास गरेको छ ।'

उनको एक सय दिनको कार्य उपलब्धीमा जेनजी आन्दोलनमा सशाहद प्राप्त गरेका ४२ सुशासन योद्धा र ३ अमर प्रहरीलाई शहीद घोषणा गरिएको र मृतकका परिवारलाई प्रतिपरिवार रु १५ लाख राहत वितरण गरिएको छ । यस्तै जेनजी आन्दोलनमा अपांगता भएका तथा घाइते भएका व्यक्तिहरूलाई राहत सहायता उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०८२ मन्त्रिपरिषद्बाट स्वीकृत गरी कार्यान्वयनमा लगिएको, जेनजी आन्दोलनका घाइतेलाई तत्काल भैपरी खर्चबापत २० हजार र तत्काल राहतबापत १५ हजार गरी प्रतिव्यक्ति ३५ हजार वितरण गरिएको, जेनजी आन्दोलनका ७ सय ३७ जनालाई घाइते परिचयपत्र वितरण गरिएको उल्लेख छ । यस्तै स्वास्थ्य मन्त्रालयको समन्वयमा जेनजी आन्दोलनका घाइतेहरूलाई साधारण, मध्यम, गम्भीर र अतिगम्भीर गरी चार वर्गमा वर्गीकरणलाई तीव्र बनाइएको, वर्गीकरणबाट मध्यम, गम्भीर र अतिगम्भीरमा वर्गीकरण हुने घाइतेलाई मासिक जीविकोपार्जन भत्ता वितरण गरिने, जेनजी आन्दोलनका घाइतेहरूलाई मासिक जीविकोपार्जन भत्ता वितरण गर्ने गरी निर्णय भएको उल्लेख गरिएको छ । जेनजी सहिदहरुको बलिदानलाई सम्मान गर्न जेनजी शहीदहरूको सालिक संसद् भवनको अग्रभागमा स्थापना गर्ने सम्बन्धमा सहरी विकास मन्त्रालयमा पठाइएको छ भने प्रत्येक वर्ष भदौ २३ गते 'जेनजी सहिद दिवस' मनाउने निर्णय भएको छ । जेनजी शहीद योद्धाका नामावली ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा राखिएको जसले जेनजी सहिदको सम्झनालाई स्थायी बनाइएको छ भने जेनजी आन्दोलनका घाइतेहरूसँग नियमित भेटघाट र सहजीकरणका लागि कार्यदल गठन गरी मन्त्रालयमा पहुँच बढाइएको छ । जेनजी सुशासन योद्धाका परिवारलाई रोजगारीको पहल गर्न श्रम तथा रोजगार मन्त्रालयलाई लेखी पठाइएकामा मन्त्रालयबाट आवश्यक समन्वय भइरहेको छ ।

यस्तै स्थितिलाई सामान्यीकरण गरी द्वन्द्व दोहरिन नदिने अवस्था निर्माण भएको र कानुनी राज्यको लक्ष्यमा लगिएको, सर्वपक्षीय वार्ता संवादलाई प्राथमिकता दिँदै जाने नीति अगाडि बढाइएको छ ।

आसन्न प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गरी केन्द्रीय सुरक्षा समितिबाट एकीकृत निर्वाचन सुरक्षा योजना २०८२ पारित गरी लागू गरिएको छ । लुम्बिनी, कर्णाली, सुदूरपश्चिम र गण्डकी गरी चार वटा प्रदेशमा प्रदेशस्तरीय सुरक्षा गोष्ठीसहित स्थलगत भ्रमण सम्पन्न गरी चुस्तदुरुस्त शान्तिसुरक्षा कायम तथा निर्वाचन तयारी सम्बन्धमा वातावरण तयार गरिएको छ भने अतिविशिष्ट तथा विशिष्ट पदाधिकारीहरुको मापदण्डविपरीत खटिएका ५ सय ९ सुरक्षाकर्मी फिर्ता गरिएको जसबाट सरकारको अतिरिक्त खर्च कम भएको छ । यस्तै आन्दोलनका क्रममा लुटिएका ७३३ हतियार तथा थप ३२ हतियार बरामद गरिएको यसबाट शान्तिसुरक्षा व्यवस्थापनमा सहयोग पुगेको, समाजमा भयरहित वातावरण निर्माण गरिएको र सुरक्षा निकायको मनोवल सुदृढीकरण भएको छ ।

## ज्योति डिस्टिलरीमा विस्फोट हुँदा एक कामदारको मृत्यु, ६ जना घाइते

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १२ पुस



रौतहटको कटहरिया नगरपालिका-९ स्थित ज्योति डिस्टिलरीमा बोइलर मेसिन विस्फोट हुँदा एक जनाको मृत्यु भएको छ भने छ जना घाइते भएका छन् ।

मृत्यु हुनेमा सोही नगरपालिका वडा नम्बर-८ बलुवा गाउँ निवासी ४५ वर्षीय लक्ष्मण राय यादव रहेका छन् । घाइते हुनेमा बलुवा गाउँकै ४५ वर्षीय रहमोद आलम, ३५ वर्षीय प्रमजित यादव, ५५ वर्षीय विगन यादव, ४० वर्षीय कैलाश माली, ५१ वर्षीय विगन यादव र गरुडा नगरपालिका-५ महमदपुरका ४० वर्षीय मुकेश यादव रहेका छन् ।

घाइतेहरूलाई तत्काल घटनास्थलबाट उद्धार गरी स्थानीय स्वास्थ्य संस्थामा प्राथमिक उपचार गरिएको थियो। थप उपचारका लागि उनीहरूलाई एम्बुलेन्समार्फत वीरगञ्ज पठाइएको प्रहरीले जनाए छ । घाइतेमध्ये केहीको अवस्था चिन्ताजनक रहेको अस्पताल स्रोतले बताएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार शनिबार बिहान करिब ९ बजेको समयमा उद्योगको बोइलर सेक्सनमा काम भइरहेका बेला अचानक विस्फोट भएको थियो। घटना लगत्तै डिएसपी विष्णुप्रदीप बस्यालको नेतृत्वमा प्रहरी टोली घटनास्थल पुगेको थियो। विस्फोटका कारण डिस्टिलरीको भौतिक संरचनामा समेत ठूलो क्षति पुगेको छ । डिएसपी बस्यालका अनुसार अहिले प्रहरीको मुख्य प्राथमिकता घाइतेहरूको जीवन रक्षा र घटनास्थलको सुरक्षामा रहेको छ । उनले भने, 'विस्फोटको वास्तविक कारणबारे प्राविधिक अनुसन्धान सुरु गरिसकेका छौं ।'

सम्भावित थप जोखिमलाई मध्यनजर गर्दै डिस्टिलरी क्षेत्रलाई नियन्त्रणमा लिएर सुरक्षा व्यवस्था कडा पारिएको छ । प्रहरीले उद्योगधनीलाई तत्काल घाइतेहरूको उपचारमा लाग्न र उचित क्षतिपूर्तिको व्यवस्था गर्न निर्देशन दिएको छ ।

## उदयपुरमा गाँजासहित दुई जना पक्राउ

**बिन्दु राई/मध्यान्ह**
उदयपुर, १२ पुस

उदयपुरमा ठुलो परिमाणको प्रतिबन्धित लागूऔषध गाँजासहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

इलाका प्रहरी कार्यालय बेल्टार र लागूऔषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको संयुक्त प्रहरी टोलीले पुस १२ गते राति करिब ३ बजेको समयमा चौदण्डीगढी नगरपालिका-३ पैंतालीस चोकबाट ७ सय ६३ केजी ७६ ग्राम गाँजासहित दुई जनालाई पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रमुख तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक केदारमान दोङका अनुसार विशेष सूचनाको आधारमा रामपुरबाट गाईघाटतर्फ आउँदै गरेको को १ ज ३४५६ नम्बरको बोलेरो गाडीलाई चेकजाँच गर्ने क्रममा उक्त परिमाणको गाँजा बरामद गरिएको हो ।

पक्राउ पर्नेमा बोलेरो चालक बेलका नगरपालिका-६ निवासी अन्दाजी २३ वर्षीय रविन राई र सोही नगरपालिकाको वडा नं. ९ निवासी अन्दाजी २८ वर्षीय रामबहादुर राई रहेका छन् ।

बरामद गरिएको गाँजा र बोलेरो गाडीसहित पक्राउ परेका दुवै जनालाई इलाका प्रहरी कार्यालय बेल्टारमा राखी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

### भान्छामै...

वरिष्ठ बाली संरक्षण अधिकृत द्रोणबहादुर बुढाथोकी तरकारीमा अन्धाधुन्ध विषदी प्रयोग भइरहेको बताउँछन् । 'कृषकहरू तरकारीको विषादीको प्रयोगबारे कृषि प्राविधिसँग सल्लाह लिने चलन छैन,' उनले भने, 'भेटनरी कहाँ गएर मनपरी विषादी प्रयोग गर्छन् ।' त्यति मात्रै होइन किसानहरूले विषादी प्रयोग गर्नेबित्तिकै तरकारी बेच्ने गरेको उनले बताए ।

'तरकारीमा विषादी प्रयोग गरेको ६ घण्टादेखि २४ घण्टासम्म वेटिङ पिरियड हुन्छ,' उनले भने, 'तर साँझ विषादी छरेर बिहान तरकारी टिपेर बेच्ने गरेको पाइएको छ ।'

उनका अनुसार नेपालभरि विषादी परीक्षण गर्ने १२ वटा प्रयोगशाला छन् । हाल काठमाडौंको कालिमाटी, झापाको बिर्तामोड, सर्लाही, कास्की, बुटवल, नेपालगन्ज, कैलाली, सुर्खेत, नवलपुर, सुनसरी, धरान, सिन्धुलीमा तरकारीको विषादी परीक्षण हुने गरेको छ । केन्द्रीय कृषि प्रयोगशालाका अनुसार २०७१ असार ४ बाट यस्तो परीक्षण हुँदै आएको छ ।

काठमाडौंको सबैभन्दा ठुलो तरकारी बजार कालीमाटीमा ल्याइने तरकारीमा प्रायः विषादी प्रयोग गरिएको पाइन्छ । सरकारले कृषिबालीमा प्रयोगका लागि १ सय ६४ वटा प्रकारका विषादी प्रयोग अनुमति दिएको छ । तर यसमध्ये कार्बामेट र अर्गानोफस्फेट समूहका विषादी मात्रै जाँच हुने गरेका छन् । यो समूहमा १२ वटा विषादी पर्ने केन्द्रीय कृषि प्रयोगशालाले जनाएको छ । देशभरका खेतबारीमा प्रयोग भइरहेका १ सय ६४ प्रकारका विषादीमध्ये १ सय ५२ प्रकारका विषादीको जाँच नै हुन सकेको अवस्था छैन ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागकी प्रवक्ता डा. बालकुमारी शर्माले रातिको समयमा उपत्यकामा भित्राइने तरकारी तथा फलफूलको विशेष निगरानी गरेको बताउँछिन् । 'राति ११ बजेदेखि बिहान ४ बजेसम्म काभ्रे, कालिमाटी, बल्खु, ग्वार्को, जडीबुटी, सूर्यविनायक, बानेश्वरलगायतका तरकारी बजार हरूमा अनुगमन गरेर नमुना संकलन गर्छौं,' उनले भनिन्, 'सङ्कलित सबै नमुनाहरूमा जीवनाशक विषादीको अवशेष स्वीकृत सीमाभित्र छन् वा छैनन् परीक्षण हुन्छ ।'

रायोको सागमा विषादी भेटिएका समाचार बाहिरिए पनि विभागमा रिर्पोट आइनसकेको उनले बताइन् ।

### चुनावी...

छन् । पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सबै दलहरू चुनावमा जान तयार रहेको प्रतिकृया दिए । उनले भने, 'सबै राजनीतिक दल चुनावमा जान तयार भएका छौं। कांग्रेस पनि रेडी छ । एमाले पनि रेडी छ । अरु दल पनि रेडी छ । सरकारले सुरक्षाको वातावरण मिलाउनुपर्छ ।'

बैठकमा एमाले अध्यक्ष ओली र नेकपाका संयोजक दाहाल समेत चुनावप्रति सकारात्मक देखिए । ओलीमाथि लगाईएको स्थान हदको विषय र चुनावी सुरक्षाको विषयमा एमाले बढी सशंकित बनेको थियो । प्रधानमन्त्रीसहित तीन दलका शीर्ष नेताहरूसँग बालुवाटारमा भएको छलफलपछि सञ्चारमन्त्री जगदीश खरेलले चुनावको वातावरण बनाउनको लागि स्थान हद हटाउने सरकार तयार रहेको संकेत गरेका छन् । 'लक्ष्य अहिले हाम्रो फागुन २१ को चुनाव हो', उनले भने, 'सुशासन र भ्रष्टाचार नियन्त्रणको कुरा पनि सँगै अघि बढाएका छौं । चुनावको लक्ष्य र जेनजीको म्यान्डेट आत्मसाथ गर्दै त्यो लक्ष्य प्राप्तिको लागि जेजे उल्झन र समस्याहरू आउँछन् । त्यसलाई क्लियर पार्दै अगाडि बढ्छ । त्यो क्लियर पार्ने कुरामा समझदारी पनि भएको छ ।'

यस अघि गत मंगलबार राष्ट्रपति भवन शीतल निवासमा पनि प्रधानमन्त्री र शीर्ष नेताबीच छलफल भएको थियो । राष्ट्रपति रामचन्द्र पौडेलले चुनावको माहोल तयार पार्न सरकार र दलबीचको संवादहिनता तोड्ने काम गरेका थिए । जेनजी आन्दोलनपछि सत्ताच्युत भएका देउवा-ओली र प्रतिपक्षी दलका नेता प्रचण्डसँग संवाद नै नगर्ने बताएकी प्रधानमन्त्री कार्की दलहरू नमिलाई चुनाव हुन नसक्ने परिस्थिति बनेपछि उनैले इन्कार गरेका नेताहरूको साथ खोज्न बाध्य भइन् । राष्ट्रपति पौडेलको समन्वयमा पहिलो पटक संवादको ढोका खोलेका प्रधानमन्त्री र शीर्ष तीन नेताबीच शनिबार दोस्रो चरणको वार्ता भएको हो ।

यो सँगै चुनावमा जान आनाकानी गरिरहेका दलहरू चुनावप्रति सकारात्मक देखिएका छन् । विघटीत प्रतिनिधि सभाको सबैभन्दा ठुलो दल नेपाली कांग्रेसले चुनावमै जाने निर्णय गरेपनि प्रतिनिधिसभा पुनर्स्थापनाका लागी सांसदहरूलाई अदालत पठाएको थियो । त्यस्तै तत्कालिन सत्ताको नेतृत्वकर्ता दल एमालेले सरकार गठन र प्रतिनिधिसभा विघटन असंबैधानिक भएकाले संसद पुनर्स्थापनामै जाने निर्णय गरेर अघि बढेको छ । उता प्रतिपक्षी दलका नेता प्रचण्डले भने चुनावका जाने निर्णयसहित तयारीमा जुटेको छ । यद्यपि नेकपा समेत फागुन २१ मा चुनाव नभएर संसद पुनर्स्थापनाको पक्षमा उभिने संकेत गरेको थियो । तर पछिल्लो पटक सरकार र दलहरूबीचको संवादले चुनावी माहोलको गियर बढाउँदै लगेको नेताहरूले बताएका छन् ।

### स्वास्थ्य...

विवादमा संघको सरोकार रहेको भन्दै शुक्रबार आयोजना गरेको पत्रकार सम्मेलनमा आइतबार उच्च अदालत पाटनमा हुने छलफलमा सरोकारवालाको हैसियतमा उपस्थित भई संघको धारणा न्यायाधीशसमक्ष राख्ने बताएको छ ।

स्वास्थ्य परीक्षण शुल्क बढेपछि संघले पुरानो शुल्क ६ हजार ५ सय रुपैयाँमा कामदारको स्वास्थ्य परीक्षण गर्न नेपाल स्वास्थ्य व्यवसायी महासंघ, गाम्का नेपाल र नेपाल मेडिकल व्यवसायी संघलाई पत्राचार गरेको थियो ।

श्रम मन्त्रालयले गत पुस ४ गतेको मन्त्रीस्तरीय निर्णयअनुसार वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण शुल्कमा गरिएको वृद्धि खारेज गरेको थियो । श्रम मन्त्रालयको सो निर्णयलाई मेडिकल व्यवसायीले अन्यायपूर्ण र अव्यवहारिक भनेका छन् ।

उनीहरूले श्रम मन्त्रालयले जारी गरेको स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमन सम्बन्धी कार्यविधि, २०७२ को छैटौं संशोधन २०८१ मा हेपाटाइटिस बी र सी, मलेरिया, सुगर, टाइफाइडसहित रक्त परीक्षण गर्दा सिबिसी, इएसआर, प्लेटलेट, क्षयरोग, छातीको भिडियो एक्स-रे, मांसपेशी र हड्डीका समस्या, क्यान्सर, मधुमेह, मुटुरोग, म्यान्टोक्स परीक्षण, स्पुटम एएफबी, मिर्गौला परीक्षण गर्दा सिरम युरिया, क्रियाटिनिन श्वासप्रश्वास, छालाका रोग समेत ३४ प्रकारका रोगको परीक्षण गर्नुपर्ने प्रावधान रहेकाले शुल्क बढाउनुपरेको बताउँदै आएका छन् ।

### द्वन्द्वपीडित...

टोलीले त्यहाँ आश्रित अपाङ्गता भएका बालबालिका तथा अन्य व्यक्तिलाई खाना खुवाएर नगद तथा न्याना कपडा हस्तान्तरण गरेको हो । अध्यक्ष प्रधानले उक्त अपाङ्ग समाजका अध्यक्ष युवराज थापालाई सहयोग हस्तान्तरण गरे ।

अपाङ्ग समाजमा जन्मँदै अपाङ्ग भएका, डाउन सिन्ड्रोम अर्थात् बौद्धिक अपाङ्गता भएका 'बर्न डिफेक्ट' बालबालिका रहेका छन् ।

नेपालमा गम्भीर बाल स्वास्थ्य समस्या मानिने बर्न डिफेक्ट अन्तर्गत जन्मेका शिशु मृत्युदर उच्च रहेको छ । कतिपयको अल्पायुमै ज्यान जाने गरेको अध्यक्ष थापाले बताए । उनले आश्रित बालबालिकामा अटिजम, आँखाको दृष्टि च्यातिने, मुटुरोग, बहिरोपन र हाइपरजस्ता समस्या रहेका कारण उनीहरूको रेखदेख र स्याहारसुसारमा अति ध्यान दिनुपर्ने, तर सरकारी निकाय वा स्थानीय तहबाट स्थायी अनुदान नभएका कारण दाताहरूको भर पर्नुपरेको अवस्थामा नेवाः समाज जस्ता गैरसरकारी संस्थाहरूको सहयोगप्रति आभार व्यक्त गर्दै सहयोग जारी राख्न आग्रह गरे ।

समाजका अध्यक्ष प्रधानले जसलाई अति जरुरी छ त्यस्ता व्यक्ति वा संस्थालाई आफ्नो समाजको क्षमताले भ्याएसम्म सहयोग गर्ने संस्थाको उद्देश्य रहेको भन्दै संस्थाको क्षमताअनुसार जोखिमको अवस्थामा रहेका बालबालिकाका लागि अन्य क्षेत्रबाट पनि सहयोग जुटाउन सक्दो पहल गर्ने प्रतिबद्धता जनाए ।

समाजका महासचिव देवेन्द्रनारायण श्रेष्ठले सामाजिक उत्तरदायित्वको भावनाले संस्थामा आश्रित बालबालिकालाई सहयोग गरिएको बताए । 'मर्दा पर्दा नेवाः समाज' भन्ने सामाजिक सेवाको उद्देश्य राखेर समाज क्रियाशील रहेको भन्दै महासचिव श्रेष्ठले पनि उक्त संस्थालाई आगामी दिनमा पनि सक्दो सहयोग गर्ने कामलाई निरन्तरता दिने बताए ।

नेवाः समाजले यसअघि शैक्षिक छात्रावृत्ति, वैदेशिक रोजगारबाट घाइते तथा अपाङ्गता भई फर्केका कामदारलाई सेल्टर दिने संस्थालाई आर्थिक सहयोग गरेको थियो ।

त्यस अवसरमा समाजका सल्लाहकार तथा मध्यान्ह दैनिकका प्रधान सम्पादक मदनकुमार श्रेष्ठसहित समाजका तृतीय उपाध्यक्ष प्रवीण श्रेष्ठ, सचिव गगन श्रेष्ठ, कोषाध्यक्ष चन्द्रकुमार श्रेष्ठ, सदस्यहरू मोती लक्ष्मी श्रेष्ठ, अमित श्रेष्ठ, कृष्णभक्त श्रेष्ठ र चन्द्रकमल श्रेष्ठ तथा मध्यान्ह दैनिक संवाददाता रेशमराज पौडेललगायतको सहभागिता रहेको थियो ।

### थपिएका...

कुल मतदाताको संख्यामा ९ लाख १५ हजार ११९ ले वृद्धि भएको छ । थपिएका मतदातामा पुरुष मतादाताको संख्या ५ लाख २२ हजार ५५२, महिला मतदाताको संख्या ३ लाख ९२ हवार ५५२ र अन्य मतदाताको संख्या १५ ले वृद्धि भएको छ ।

प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ को लागि अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका मतदाताहरूलाई मतदान गर्नका लागि मतदान स्थल र मतदान केन्द्र निर्धारण गरिएको छ ।

आयोगका अनुसार देशभर १० हजार ९६७ मतदान स्थलमा २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरिएको छ । २०७९ को कुल मतदान स्थलको संख्या भन्दा यसपटक ७५ चटा बढी निर्धारण गरिएको छ भने कुल मतदान केन्द्रको संख्या ८८५ ले वृद्धि भएको छ ।

स्थानीय सरकार
**दुहुँ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
हिकिला, दार्चुला
सुदूरपश्चिमप्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने सम्बन्धी सूचना**

**सूचना प्रकाशित मितिः– २०८२।०९।१३**

दुहुँ गाउँपालिका हिकिला, दार्चुलाको आ. ब. २०८२।०८३ अन्तर्गत मिति २०८२।०८।०४ गते प्रकाशित बोलपत्र खरिद सम्बन्धीको सूचना अनुसार मिति २०८२।०९।०६ गते दिउँसो ठिक ३:०० बजे भित्र दर्ता हुन आएका बोलपत्रहरूको सार्वजनिक खरिद ऐन २०६३ को दफा २५ बमोजिम मूल्याङ्कन गर्दा न्युनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही तपसिलका ठेक्का बोलपत्रहरु स्वीकृतीको लागि छनोट गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) प्रयोजनार्थ सम्बन्धीत सबैलाई जानकारीको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| सि.नं. | ठेक्काको नाम र नंम्बर | बोलपत्रदाताको नाम र ठेगाना | कुल कबोल अंक | कैफियत |
|---|---|---|---|---|
| 1.00 | Construction of Boundary Wall and Other Necessary Structures at Administrative Building (DRM/NCB/WORKS/03/2082/083) | Umesh Nirman Sewa & Suppliers, Mahakali-03, Darchula | रू. २३,५३,१५८।७५ (भ्याट र पि.एस.सहित) | |
| 2.00 | Brihat Water Supply and Sanitation Project Ward No. 1 (DRM/NCB/WORKS/04/2082/083) | Latinath Nirman Sewa, Marma-02, Darchula | रू. १,३४,५०,९८८।९८ (भ्याट र पि.एस.सहित) | |

**प्रमुख प्रशासकीय अधिकृत**

# अस्तित्व मेटाएर एकता गर्न सम्भव छैन : मन्त्री घिसिङ



**काठमाडौं/मस-** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री एवं उज्यालो नेपाल पार्टीका संरक्षक कुलमान घिसिङले कसैको अस्तित्व मेटाएर एकता सम्भव नहुने बताएका छन् । काठमाडौंको बौद्धमा आयोजित कार्यक्रममा उनले सबैको अस्तित्व स्वीकार गर्दै सम्मानका साथ अघि बढ्नु नै साँचो एकता भएको स्पष्ट पारे ।

देशमा राजनीतिक परिवर्तन अपरिहार्य भइसकेको भन्दै उनले नयाँ शक्तिहरू अहंकार त्यागेर साझा उद्देश्यका लागि एकजुट हुनुपर्ने बताए । उज्यालो नेपाल पार्टीको पहिचान जनजीवनसँग जोडिएको उल्लेख गर्दै उज्यालो सन्देश गाउँ-गाउँ पुऱ्याउन कार्यकर्तालाई निर्देशन दिए ।

मन्त्री घिसिङले जनतामाझ पार्टीप्रति विश्वास बढ्दै गएको दाबी गर्दै आगामी २१ फागुनको निर्वाचनलाई देशको भविष्य बदल्ने अवसरका रूपमा लिन आग्रह गरे । सानो झिल्कोबाट सुरु भएको उज्यालो अभियान शनिबार राष्ट्रिय अभियान बनेको उनको भनाइ छ ।

सहकारी ठगी प्रकरणमा जेलमुक्त भएसँगै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेले नयाँ दलहरूसँग एकताबारे छलफल तीव्र पारेका छन् । सोही विषयलाई लक्षित गर्दै उनले कसैको अस्तित्व मेटाएर एकता गर्न सम्भव नहुने बताएका छन् ।

**सहज शिक्षा र स्वास्थ्यको पहुँच नै नेपाली युवाको आशा**

यस्तै मन्त्री घिसिङले सानो घर, एउटा सवारीसाधन र शिक्षा, स्वास्थ्यको सहज पहुँच नै युदिनसके युवाहरुलाई स्वदेशमै राख्न सकिने बताएका छन् । राष्ट्रिय घर निर्माण महोत्सवको उद्घाटन गर्दै उनले यस्तो बताएका हुन् ।

उनले सरकारले न्यूनतम महत्वमा एउटा सानो घर, एउटा सवारीसाधन र शिक्षा, स्वास्थ्यको सहज पहुँच पुऱ्याउनुपर्ने बताए । त्यसका लागि केही ऋण दिने व्यवस्था सरकारले गर्न जरुरी रहेको उनको भनाइ छ । नेपालमा बस्नु भन्ने तर बस्नसक्ने वातावरण बनाउन नसक्ने कुराले युवाहरु स्वदेशमा रहन नसक्ने उल्लेख गरे । आगामी सरकारले यसबारेमा काम गर्नुपर्ने बताए ।

उनले भने, 'नेपाली युवाहरुको सपना भनेको एउटा सानो घर, साधारण गाडी ट्रान्सपरेसनको लागि । बच्चालाई पढाउने शिक्षा, स्वास्थ्य सही रुपले दिनसक्यो भने त्यत्तिको लागि सरकारले बेसिक निडको रुपमा लिएर त्यसको लागि ऋण दिने, फेसिलिटेड गरिदिने र हरेक युवाले त्यत्तिको सपना पूरा गर्नसक्ने वातावरण बनाउनसक्यो भने सबै युवाहरु नेपालमै बस्ने सम्भावना रहन्छ ।' मन्त्री घिसिङले छोटो समयको अहिलेको सरकार भएकाले धेरै आशा गर्न नहुने बताए । नेपालको द्रुततर विकासको लागि अहिलेको ऐन, कानुनका समस्या र प्रक्रियागत झन्झटलाई हटाउनुपर्ने बताए । निर्माण व्यवसायको क्षमता वृद्धि नभएसम्म देशको द्रुततर विकास हुन नसक्ने उनको टिप्पणी छ ।

# शेखरको अडानले नेताहरूमाथिको कारबाही फुकुवा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ पुस

नेपाली कांग्रेसले विगतको निर्वाचनमा पार्टीको आधिकारीक उम्मेद्वारकाविरुद्ध उम्मेदवार भएका, तिनका प्रस्तावक र समर्थक वा असहयोग गरेका नेताहरू माथिको कारबाही फुकुवा गर्ने निर्णय गरेको छ । संस्थापन इतर समुहको नेतृत्व गर्दै आएका कांग्रेसका बरिष्ठ नेता डा.शेखर कोइरालाले उनिहरूमाथि लगाइएको कारबाही फिर्ता हुनुपर्ने माग राख्दै आएका थिए । पार्टीभित्र बृहत् एकता कायम गर्न विगतका निर्वाचनका क्रममा कारबाही परेका नेताहरू माथिको कारबाही फुकुवा हुनुपर्ने उनको अडानका कारण पार्टीले निर्णय लिएको बताइएको छ ।



नेता कोइरालाको चट्टानी अडानकै कारण कारबाहीमा सिफरिस भएका सबै नेताहरूलाई माफि दिने निर्णय गरेको हो । शनिबार बसेको कांग्रेस कार्यसम्पादन समितिको बैठकले यस्तो निर्णय लिएको नेपाली कांग्रेसका मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए । उनले एक विज्ञप्तिमार्फत पार्टीको निर्णय सार्वजनिक गरेका छन् ।

विकसित राजनीतिक अवस्था र आसन्न प्रतिनिधि सभा र राष्ट्रिय सभाको निर्वाचनलाई मध्येनजर गर्दै पार्टीलाई सुसंगठित र बृहत् एकता कायम राख्न आगामी दिनमा पार्टी हित विपरित हुने गरी अनुशासन उल्लंघनका कुनै पनि कार्य नगर्न सचेत गराउँदै विगतको कारबाहीलाई फुकुवा गरेको विज्ञप्तिमा उल्लेख छ ।

नेता कोइरालाले विगतदेखि नै पार्टीमा सबै मिलेर जाने र आगामी दिनमा पार्टी हितविपरित कार्य नगर्ने चेतावनी दिएर सबै नेताहरूमाथिको कारबाही फुकुवा हुनुपर्ने जोड दिँदै आएका थिए ।

विगतको निर्वाचनमा पार्टीको आधिकारीक उम्मेदवारका विरुद्ध उम्मेदवार भएका, तिनका प्रस्तावक र समर्थक वा असहयोग गरी अनुशासन विपरितका काम गरेकाहरूलाई केन्द्रीय अनुशासन समितिले गरेको निष्काशन, निलम्वन र पार्टीको विधान अनुसार स्वतःकारबाहीमा परेकाहरुको बाँकी अवधि माफी/मिनाहा गर्ने निर्णय गरिएको छ ।

'अनुशासन विपरितका काम गरेकाहरूलाई केन्द्रीय अनुशासन समितिले गरेको निष्काशन, निलम्वन र पार्टीको विधान अनुसार स्वतः कारबाही परेकाहरुको बाँकी अवधि माफी/मिनाहा गर्ने निर्णय गरिएको छ', विज्ञप्तिमा भनिएको छ । यसरी कारबाही माफी/मिनाहा भएका व्यक्तिहरुको क्रियाशील सदस्यतालाई निरन्तरता कायम गरी क्रियाशील सदस्यता नवीकरण गर्ने निर्णय गरेको प्रवक्ता डा.प्रकाशशरण महतले बताए ।

त्यस्तै पार्टी परित्याग गरेकालाई घर फर्कन समेत कांग्रेसले आह्वान गरेको छ । 'विगतमा विभिन्न कारणले पार्टी परित्याग गरेर स्वतन्त्र बनेका वा अन्य पार्टीमा गएर उम्मेदवार, प्रस्तावक वा प्रचारक बनेका साथीहरुलाई पार्टीमा फर्कनका लागि केन्द्रीय कार्यसम्पादन समितिको यो बैठक हार्दिक आह्वान गर्दछ',निर्णयमा भनिएको छ ।

त्यसरी फर्किनेहरुलाई क्रियाशील सदस्यतासहित आवश्यक जिम्मेवारी प्रदान गर्ने निर्णय गरेको छ । त्यस्तै विभिन्न पेशा, व्यवसाय र विविध क्षेत्रमा रहि राष्ट्र र जनताको सेवामा समर्पित लोकतान्त्रिक विचार र आस्था भएका व्यक्तिहरुलाई नेपाली कांग्रेसमा सक्रिय भूमिका निर्वाह गर्न आह्वान गरेको छ । आजको परिस्थितिमा पार्टी, लोकतन्त्र र समग्र मुलुकको हितका लागि वौद्धिक र व्यवसायिक क्षेत्र विशेष संवाद र सहकार्य गरेर अघि बढ्ने कांग्रेसको निर्णय छ ।

# कतारमा दंग छन् रुद्रकली र खगेन्द्र, हेर्न आउने नेपालीको भिड



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १२ पुस

सन् २०२४ अप्रिलमा कतारका सरकार प्रमुख अमिर शेख तमिम बिन हमाद अल थानी नेपाल भ्रमणमा गएका बेला नेपालले दुई वटा हात्ती दिने घोषणा गरे बमोजिम १० दिन पहिले २ वटा हात्ती कतार आइपुगे ।

चितवनको खोरसोरस्थित हात्ती प्रजनन् केन्द्रमा जन्मिएका दुई हात्तीलाई चितवनबाट स्थल मार्ग हुँदै भैरहवा र डिसेम्बर १७ तारिक बुधवार साँझ साढे ५ बजे कतार एयरवेजको कार्गो विमानले भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट हात्ती बोकेर उडेपछि १८ तारिक कतारको राष्ट्रिय दिवसका दिन हात्तीले कतारी जमिन अर्थात् कतार विमानस्थलमा अवतरण गरेको थियो । सोही दिनदेखि नै कतारको दोहा सहरदेखि करिब ४५ किलोमिटर टाढा रहेको अलखोर फ्यामिली पार्क तथा चिडियाखानामा व्यवस्थित रूपमा उनीहरूलाई राखिएको छ । ३ सय बढी विश्वका विभिन्न पशुपन्छी रहेको उक्त चिडियाखानामा नेपालबाट आइपुगेका खगेन्द्रप्रसाद र रुद्र कली खुसी छन् ।

शुक्रवार कतारमा हुने सार्वजनिक बिदाको दिन पारेर मध्यान्हकर्मी चिडियाखाना पुग्दा नेपालबाट आइपुगेका खगेन्द्रप्रसाद र रुद्र कलिलाई हेर्न हजारौं नेपालीको भिड थियो । दुई हात्तीको आगमन भएसँगै नेपालीहरू बाक्लै त्यहाँ पुग्ने गरेको र अन्य देशका नागरिकले पनि हात्तीको नामले पुकार्ने गरेको देखियो ।

आफ्ना देशका हात्ती भएर होला धेरैले फलफूल लगेर हात्तीलाई खुवाउन खोजे पनि रुद्र कलिको माउते बुद्धिलाल श्रेष्ठ र खगेन्द्रका माउते पाचुखा थारुले अनुमति नभएको बताउने गरेका छन् ।

साँझ ५ बजेसम्म हात्ती हेर्न आउनेहरूलाई विभिन्न क्रियाकलाप गराएर देखाइदिने माउतेद्वय हात्तीबाट झरेपछि हामीले उनीहरूसँग हात्तीका बारेमा कुराकानी गऱ्यौं । कुराकानीका क्रममा नेपालीहरू र विदेशीहरूले पनि हात्तीप्रति अथाह माया देखाएको बताए । हामीले हात्तीको खाना, बस्न र हिँड्डुलका बारेमा जिज्ञासा राख्यौं । माउतेहरूले हात्तीलाई हिड्डुल गर्न स्थान कम भएको बताए । 'चितवनमा दैनिक ६०/७० किलोमिटर यात्रा गर्ने हात्तीहरू यहाँ दैनिक २०/३० किलोमिटर मात्र हिँड्ने गर्छन्' उनीहरूले भने ।

बिहान एक छिन बाहिर कम्पाउन्ड आसपास डुलाउने र बाँध्ने दिउँसो ३ बजेपछि माउतेहरू हात्तीमाथि चढेर आउने पर्यटक सामु डुल्ने घुम्ने रमाउने उनीहरूको दिनचर्या बनेको छ ।

उनीहरूका लागि खाना भरपुर मात्रामा रहेको, त्यस्तो केही दुःख अभाव माउते र हात्तीका लागि पनि नरहेको र हात्तीहरू पनि यहाँ खुसी रहेको सुनाए । हात्ती आफूमा खुला ठाउँमा बस्न रुचाउने प्राणी भएपनि उनीहरूका लागि वातावरण अनुकुलित एसी रुमको समेत व्यवस्था रहेको माउतेले बताए ।

# पुनमकली बनिन् 'मिस हात्ती सुन्दरी-२०८२'



**चितवन/मस-** सौराहामा जारी १९औं चितवन हात्ती तथा पर्यटन महोत्सव-२०८२ अन्तर्गत शनिबार दोस्रो दिन आयोजित हात्ती सुन्दरी प्रतियोगिताको उपाधि ४० वर्षीया पुनमकलीले जितेकी छन् ।

चार वटा हात्तीलाई पछि पार्दै पुनमकलीले 'मिस हात्ती सुन्दरी-२०८२'को उपाधि जितेकी हुन् । होटल लेण्डमार्क पोखरासँग आबद्ध पुनमकलीले कुल ३०० पूर्णाङ्कमध्ये २५० अंक प्राप्त गर्दै पहिलो स्थान हासिल गरिन् । महोत्सवका सह-आयोजक संस्था युनाइटेड हात्ती सञ्चालन सहकारी संस्था लिमिटेडका व्यवस्थापक विनोद तिमिल्सेनाका अनुसार प्रतियोगितामा सेल्फीकली, चम्पाकली, पूजाकली र समृद्धिकली सहभागी थिए ।

प्रतियोगितामा होटल गौतम बर्दिवाससँग आबद्ध २० वर्षीया हात्ती सेल्फीकलीले २३५ अंक ल्याएर दोस्रो स्थान हासिल गरिन् भने हेरिटेज ट्राभल काठमाडौंसँग आबद्ध ३५ वर्षीया हात्ती चम्पाकलीले २२४ अंक प्राप्त गर्दै तेस्रो भइन् ।

**Vacancy Announcement**

One of the reputed recruitment manpower agency is seeking for following applicants.

Office Secretary - 2 Female (Nepal/Qatar)
Sales & Marketing - 2 Male/ Female (Nepal/Qatar)
Degital Marketig - 2 Male/ Female (Nepal/Qatar)
Data Entry Officer - 2 Male (Nepal/Qatar)
HR Officer - 1 Male/Female
Recruiter - 2 Male/Female
PRO - 4 Male/Female

Salary Negotiable

**Requirements:**
- Diploma in Computer
- Proficiency in English Language
- Driving License will be advantage
- Minimum 2 years experience in the relevant field

*Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph at* ehr1191@gmail.com

**Eurosia Human Resourse Pvt. Ltd.**
Govt. Lic. No. 1191/073/074
Samakhusi Chowk, Tokha Road 10, Kathmandu, Nepal
9851071905 / 01- 4980243, E-mail : eurosiahumanresource@gmail.com
gurungsubodha2005@gmail.com

# शहरी क्षेत्रमा पनि होमस्टे सञ्चालन गरौं : नगरप्रमुख श्रेष्ठ



**मध्यान्ह संवाददाता**
अर्घाखाँची, १२ पुस

सन्धिखर्क नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले पर्यटन क्षेत्रको विकासका लागि ग्रामीण क्षेत्रसँगै शहरी क्षेत्रमा पनि स्थानीय घरवास (होमस्टे) सञ्चालन गर्नुपर्ने बताएका छन् ।

घरेलु तथा साना उद्योग कार्यालय अर्घाखाँची र स्थानीय नागरिकहरूको साझेदारीमा सञ्चालन गरिएको होमस्टे तालिमको समापन समारोहलाई सम्बोधन गर्दै नगरप्रमुख श्रेष्ठले शहरी क्षेत्रमा रहेका घरहरूमा समेत आगन्तुक पाहुनाका लागि खाना र बासको व्यवस्था गरी निश्चित शुल्क लिएर होमस्टे सञ्चालन गर्न सकिने बताए । घरघरमा रहेका खाली कोठाको व्यवस्थापन गरेर आर्थिक उपार्जन गर्न सकिने सम्भावना रहेको उनको भनाइ थियो । स्थानीय समुदायको आर्थिक विकासका लागि होमस्टेलाई प्रवर्द्धन गर्न आवश्यक रहेको उल्लेख गर्दै उनले स्थानीय जीवनशैली, संस्कृति र कलाको संरक्षण तथा प्रवर्धनमा होमस्टेले महत्वपूर्ण भूमिका खेल्ने बताए । स्थानीय समाज, रहनसहन, संस्कृति र बोलीचालीलाई नजिकबाट अनुभव गर्न चाहने पर्यटकहरूको रोजाइमा होमस्टे पर्ने भएकाले शहरी क्षेत्रमा समेत यसको राम्रो सम्भावना रहेको उनले बताए ।

सन्धिखर्क नगरपालिका-६ अन्तर्गत नरपानी क्षेत्र पर्यटकीय सम्भावनायुक्त रहेको उल्लेख गर्दै घरेलु तथा साना उद्योग कार्यालय अर्घाखाँचीका प्रमुख दुर्गा न्यौपानेले उक्त क्षेत्रको धार्मिक, सांस्कृतिक तथा पर्यावरणीय पर्यटनको सम्भावना उजागर गर्न होमस्टे तालिम आयोजना गरिएको जानकारी दिइन् ।

कार्यक्रममा निमित्त प्रमुख जिल्ला अधिकारी झबिलाल भट्टराईले नरपानी-खाचिकोट क्षेत्रमा होमस्टे सञ्चालनका लागि स्थानीय नागरिक सक्रिय भए रोजगारीका अवसरहरू सृजना हुने बताए । उनले स्थानीय सरकारले पनि पर्यटन प्रवर्धनका लागि होमस्टेलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए ।

वडा नम्बर ६ का अध्यक्ष श्रीधर महत्राले स्थानीय पर्यटन प्रवर्द्धनमा होमस्टेले उल्लेख्य योगदान पुऱ्याउने विश्वास व्यक्त गर्दै पोखेडाँडा-नरपानी क्षेत्रमा होमस्टे सञ्चालन भएपछि पर्यटकको संख्या बढेको बताए ।

तालिममा अतिथि सत्कार, बजारीकरण, व्यवस्थापन, खाना पकाउने कला तथा होमस्टे सञ्चालनसम्बन्धी कानुनी र अन्य व्यवस्थाहरूका विषयमा प्रशिक्षकहरूले प्रशिक्षण दिएका थिए ।

कार्यक्रम घरेलु तथा साना उद्योग कार्यालयका अधिकृत दुर्गा न्यौपानेको अध्यक्षता तथा हुमबहादुर विकको सञ्चालनमा सम्पन्न भएको थियो । कार्यक्रममा सन्धिखर्क नगरपालिकाका प्रशासकीय अधिकृत मुक्ति राम खनाल, स्थानीय जनप्रतिनिधि, वडा सचिव सीता बिसी, समाजसेवी, व्यवसायी तथा स्थानीय नागरिकहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

उक्त तालिम ८० प्रतिशत लागत घरेलु तथा साना उद्योग कार्यालय र २० प्रतिशत स्थानीय व्यवसायीहरूको साझेदारीमा सम्पन्न गरिएको जनाइएको छ ।

**CYPRUS मा रोजगार**
कम्पनी: MEDEON INTERNATIONAL PLACEMENT AGENCY LTD  शहर: CYPRUS
पूर्व स्वीकृत मिति: २०८२/०९/११  चलानी नं.: ६०२४५६४१  LT. No.:335908

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO. | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 5 | 0 | सम्बन्धित काममा दक्ष | 900 | १,५२,५६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Employee | 7 | 3 | | 550 | ९३,२३६ | | | | | | | |
| 3. | Housekeeping | 0 | 5 | | 750 | १,२७,१४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस २० गते ( 4 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**KOSH OVERSEAS PVT. LTD.**
श्रम इजाजत नं. १५०६/०७४/७५
Seti Opi Marg, Koteshwor-32, Kathmandu, Tel.: 014537535, 014537536, 9851197732.
Email: info@koshoverseas.com., koshoverseas@gmail.com.

## तिला गाँउपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
डुण्डेली, जुम्ला
कर्णाली प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति :- २०८२/०९/१३**

यस कार्यालयको मिति २०८२/०८/०९ गते प्रथम पटक युग आह्ववान दैनिक राष्ट्रिय पत्रिकामा निम्न निर्माण कार्यको बोलपत्र आह्वान भए अनुसार प्राप्त बोलपत्रहरू मध्ये तपसिलमा उल्लेखित बोलपत्रहरू न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिएकोले स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतिको लागि छनोट गरिएकोले सोही ऐनको दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नम्बर | कामको विवरण | छनोट भएको बोलपत्रदाताको नाम, ठेगाना | कुल कबोल रकम (VAT & PS सहित) |
|---|---|---|---|---|
| १ | Tila/NCB/ Works/2082/83/09 | Patar Sangu Dekhi Latika Than Samma Sadak Starronatti Ward no 2 | Kalika Construction Jumla Tila 5, Jumla | 12,32,449.47 |
| २ | Tila/NCB/ Goods/2082/83/01 | Procurement of Gabion Boxes, Reinforcement Bar, Cement, PPE and Safety Tools For Construction Works | New G.P. Trades Chandannath 5, Jumla | 19,89,930.00 |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
१३ पुस २०८२ आइतबार
28 December 2025 Sunday

## सम्पादकीय

# परीक्षामा नयाँ मतदाता

आगामी फागुन २१ को प्रतिनिधि सभा निर्वाचन केवल सत्ता परिवर्तनको औपचारिक प्रक्रिया मात्र होइन, यो नेपालको लोकतान्त्रिक अभ्यासको अर्को महत्वपूर्ण परीक्षा हो । जेनजी आन्दोलनपछि हुन लागेको निर्वाचनमा पहिलोपटक सहभागी हुने मतदाताको संख्या ९ लाख १५ हजार ११९ छ । जो नेपालको आगामी राजनीतिक यात्रा कता लैजाने भनेर निर्णय गर्दैछन् । २०७९ को चुनावमा १ करोड ७९ लाख ८८ हजार ५७० मतदाता थिए । यसपटक थपिएर मतदाताको संख्या १ करोड ८९ लाख ३ हजार ६८९ पुगेको छ । पछिल्लो ३ वर्षमा ९ लाख बढी मतदाता थपिनु सामान्य जनसांख्यिकीय वृद्धिको परिणाम मात्र होइन, यो संख्या आफैंमा एउटा राजनीतिक सन्देश हो ।

नयाँ मतदाता थपिनुका पछाडि पृष्ठभूमि र कारणहरू छन् । सामान्यतया युवाको उमेर समूह मतदानयोग्य भएको देखिन्छ । जो डिजिटल युगमा जन्मिएर डिजिटल प्लेटफर्ममार्फत समाज हेर्दै हुर्किएका छन् । अब उनीहरू कस्तो नीति र नेतृत्व चाहन्छन् भन्ने मतपरिणामले देखाउनेछ । जेनजी मतदाता छुट्लान भनेर अध्यादेश नै ल्याएर सरकारले सहजीकरण गरिदिएको थियो । यसकारण पछिल्लो समयमा देखिएका राजनीतिक असन्तुष्टि र सचेतनाका बीचमा युवाले कस्तो राजनीति चाहेका छन् भन्ने थाहा पाउन मतपरिणाम कुर्नुपर्छ ।  स्मरणीय छ- नेपालको पछिल्लो परिवर्तनका बाहक जेनजी हुन् । जसको प्रतिनिधित्व थपिएका ९ लाख मतदाताले गर्दैछन् । यसकारण नयाँ मतदाता कुनै अमूर्त तथ्यांक होइनन् । उनीहरू परिवर्तनको अपेक्षा बोकेका नागरिक हुन् । रोजगारी, शिक्षा, सुशासन, भ्रष्टाचार नियन्त्रण र अवसरको समान पहुँच लगायतका मुद्दा नयाँ मतदताको मतदानको निर्णयसँग गाँसिनेछ । 'राजनीति फोहोरी खेल हो' भन्दै राजनीतिक गतिविधिबाट टाढा बसेकाहरू समेत यसपटक मतदान केन्द्रसम्म पुग्दैछन् । यसकारण २१ फागुनको चुनाव थप अर्थपूर्ण छ ।

पहिलोपटक मतदान गर्ने नागरिकहरू सामान्यतया आशावादी तर आलोचनात्मक हुन्छन् । उनीहरू बाचा सुन्न चाहन्छन्, तर त्यसभन्दा बढी बाचा पूरा गर्ने क्षमताको प्रमाण खोज्छन् । यसकारण अब पुराना नारा र अनुहार मात्रले काम गर्दैन । चुनाव जितेपछि के कसो गर्ने हो त्यसको कार्ययोजना, विश्वास र परिणाम देखाउन सक्ने आधार राजनीतिक दल र उम्मेदवारले दिनुपर्ने हुन्छ । जसलाई हेरेर नयाँ मतदाताले गर्ने मतदानले आगामी संसदको संरचना, दलहरूको शक्ति सन्तुलन र नीति प्राथमिकतामा ठूलो प्रभाव पार्न सक्दछ । नयाँ मतदाताले पक्कै ख्याल गर्नेछन्- लोकतन्त्र मत हाल्ने अधिकारमा मात्र सीमित हुनु हुँदैन, यो जवाफदेहिताको संस्कार हो । नयाँ मतदाताले दिएको मतले यदि पुरानै अभ्यास दोहोरियो भने निराशा बढ्न सक्छ । उनीहरूको मतले नीति, नेतृत्व र शासनशैलीमा सुधार ल्याउन सक्यो भने यही जेनजी पुस्ता लोकतन्त्रको बलियो आधार बन्नेछ ।

# फेरिँदो पठन संस्कृति

*पुरानो पुस्ताले पुस्तकको गन्ध र पन्ना पल्टाउने अनुभवलाई महत्व दिन्छ भने नयाँ पुस्ता डिजिटल सहजतालाई प्राथमिकता दिन्छ । यो द्वन्द्व होइन, रूपान्तरण हो ।*


**अग्रलेख**



● जनक बराल

मानव सभ्यताको विकाससँगै ज्ञानको खोज, संरक्षण र विस्तारको प्रमुख आधार पठन संस्कृति रहँदै आएको छ । पठन संस्कृति भन्नाले कुनै समाज वा समुदायमा पुस्तक, लेख, पत्रपत्रिका तथा अन्य लिखित सामग्री पढ्ने बानी, दृष्टिकोण र परम्परालाई जनाउँछ । समय, प्रविधि, सामाजिक संरचना र जीवनशैली परिवर्तनसँगै पठन संस्कृतिमा पनि गहिरो रूपान्तरण देखिन्छ । परम्परागत मौखिक समाजदेखि डिजिटल युगसम्म आइपुग्दा पठनको स्वरूप, माध्यम र उद्देश्य उल्लेखनीय रूपमा बदलिएको छ । यस परिवर्तनले पठन संस्कृतिलाई कमजोर मात्र बनाएको छैन, नयाँ सम्भावना र चुनौतीहरू पनि सिर्जना गरेको छ ।

प्राचीन समयमा लेखन सामग्री सीमित हुँदा पठन संस्कृति अभिजात वर्गमा सीमित थियो । गुरुकुल, विहार, मदरसा जस्ता शिक्षण संस्थाहरूमा धर्मग्रन्थ, दर्शन र विज्ञानसम्बन्धी ग्रन्थहरू अध्ययन गरिन्थ्यो । नेपालकै सन्दर्भमा हेर्दा ताडपत्र, भोजपत्रमा लेखिएका ग्रन्थहरू पढ्ने चलन थियो र ती ग्रन्थहरू संरक्षण गर्नु आफैंमा ठूलो जिम्मेवारी मानिन्थ्यो । पुस्तक दुर्लभ भएकाले एकै ग्रन्थ धेरैले पालैपालो पढ्ने गर्थे । पठन केवल जानकारीको साधन नभई साधना र अनुशासनको अभ्यास पनि थियो । यस समयमा पठन संस्कृति गहिरो, धैर्यपूर्ण र चिन्तन प्रधान थियो ।



छापाखानाको विकाससँगै पठन संस्कृतिमा ठूलो परिवर्तन आयो । पुस्तक, पत्रपत्रिका र अखबार सहज रूपमा उपलब्ध हुन थालेपछि पठन सर्वसाधारणसम्म फैलिन थाल्यो । उन्नाइसौँ र बिसौँ शताब्दीमा शिक्षा विस्तारसँगै पढ्ने बानी सामाजिक प्रतिष्ठासँग जोडियो । नेपालमा पनि गोरखापत्र जस्ता पत्रिकाले समाचार पढ्ने संस्कृति विकास गरे । विद्यालय र कलेजमा पाठ्यपुस्तकबाहेक कथा, कविता र उपन्यास पढ्ने चलन बढ्यो । लक्ष्मीप्रसाद देवकोटा, पारिजात, बिपी कोइराला जस्ता साहित्यकारका कृतिहरू पढ्नु बौद्धिक चेतनाको प्रतीक मानिन्थ्यो । यस चरणमा पठन संस्कृति ज्ञान, मनोरञ्जन र सामाजिक चेतनाको सन्तुलित माध्यम बनेको देखिन्छ ।

तर समयसँगै जीवनशैलीमा पनि तीव्र परिवर्तन हुँदै गयो । औद्योगिकीकरण, सहरीकरण र व्यस्तताले मानिसको धैर्य र समय व्यवस्थापनमा असर पारे । यसले पठन संस्कृतिमा पनि प्रभाव पार्‍यो । लामो समय लगाएर पुस्तक पढ्ने बानी क्रमशः कमजोर हुन थाल्यो । पत्रपत्रिकाको साटो रेडियो र टेलिभिजन जस्ता श्रव्य दृश्य माध्यम लोकप्रिय बने । समाचार सुन्ने र हेर्ने बानीले पढ्ने समय घटायो । उदाहरणका लागि, बिहान अखबार पढ्ने चलन रहेको परिवारमा टेलिभिजन समाचारले त्यो स्थान लिन थाल्यो । यसले जानकारी त छिटो दियो, तर गहिरो अध्ययनको अभ्यासलाई केही हदसम्म कमजोर बनायो ।

डिजिटल प्रविधिको आगमनले पठन संस्कृतिमा सबैभन्दा ठूलो परिवर्तन ल्याएको छ । इन्टरनेट, स्मार्टफोन र सामाजिक सञ्जालले पढ्ने माध्यमलाई कागजबाट स्क्रिनमा सारिदिएको छ । आजको पुस्ता पुस्तकभन्दा बढी मोबाइल स्क्रिनमा लेख पढ्न अभ्यस्त छ । ब्लग, अनलाइन समाचार, ई-बुक र सामाजिक सञ्जालका पोस्टहरू पठनका नयाँ रूप बनेका छन् । उदाहरणका रूपमा, पहिले विद्यार्थीले पुस्तकालय गएर सन्दर्भ सामग्री खोज्थे भने अहिले केही सेकेन्डमै गुगलमार्फत जानकारी पाउँछन् । यसले पहुँचलाई सहज बनाएको छ, तर पठनको गहिराइमा प्रश्न उठाएको छ ।

समसामयिक पठन संस्कृति छिटो, टुक्रे र सतही बन्दै गएको आरोप पनि लाग्ने गरेको छ । सामाजिक सञ्जालमा छोटा स्ट्याटस, हेडलाइन र क्याप्सन पढ्ने बानीले लामो लेख वा पुस्तक पढ्न कठिन भएको अनुभव धेरैले गर्छन् । एक उपन्यासका सयौं पृष्ठ पढ्न धैर्य नहुने तर केही मिनेटमा दर्जनौं पोस्ट स्क्रोल गर्ने अवस्था देखिन्छ । यसले ध्यान केन्द्रित गर्ने क्षमता घटाएको भन्ने मनोवैज्ञानिक अध्ययनहरू पनि छन् । यद्यपि, यसलाई केवल नकारात्मक रूपमा मात्र हेर्नु उचित हुँदैन । डिजिटल युगले पठन संस्कृतिलाई नयाँ सम्भावनासमेत दिएको छ । ई-बुक र अडियो बुकका कारण दृष्टि कमजोर भएका वा समय अभाव भएका मानिसले पनि पढ्न सक्ने अवस्था बनेको छ । गाउँमा पुस्तक पसल नपुग्ने ठाउँमा पनि इन्टरनेटमार्फत विश्व साहित्य पहुँचमा आएको छ । उदाहरणका लागि, कुनै विद्यार्थीले टोल्स्टोय, ट्यागोर वा देवकोटाका कृति मोबाइलमै पढ्न सक्छ । यसले पठन संस्कृतिलाई भौगोलिक सीमाबाट मुक्त गरेको छ । साथै, अनलाइन पुस्तक समीक्षा, साहित्यिक समूह र डिजिटल पुस्तकालयले नयाँ पाठक समुदाय निर्माण गरेका छन् ।पठन संस्कृतिको परिवर्तनले शिक्षामा पनि प्रभाव पारेको छ । पहिले पाठ्यपुस्तक केन्द्रित अध्ययन प्रणाली थियो भने अहिले बहुस्रोतबाट सिक्ने अभ्यास बढेको छ । विद्यार्थीहरू नोट्स, भिडियो, अनलाइन लेख र प्रस्तुतीकरणको सहायताले पढ्छन् । यसले सिकाइलाई बहुआयामिक बनाएको छ । तर, पाठ्यपुस्तक र सन्दर्भ पुस्तक नपढी केवल संक्षेप सामग्रीमा निर्भर हुनु दीर्घकालीन रूपमा ज्ञानको गहिराइमा बाधक हुन सक्छ । उदाहरणका लागि, परीक्षाका लागि केवल 'गेस पेपर' वा सारांश पढ्ने बानीले विश्लेषणात्मक सोच कमजोर बनाउँछ ।

पठन संस्कृतिमा आएको परिवर्तन पुस्तागत अन्तरसँग पनि जोडिएको छ । पुरानो पुस्ताले पुस्तकको गन्ध र पन्ना पल्टाउने अनुभवलाई महत्व दिन्छ भने नयाँ पुस्ता डिजिटल सहजतालाई प्राथमिकता दिन्छ । यो द्वन्द्व होइन, रूपान्तरण हो । दुवै माध्यमका आफ्ना फाइदा र सीमाहरू छन् । आवश्यक कुरा भनेको माध्यम जेसुकै भए पनि पढ्ने बानीलाई निरन्तरता दिनु हो । पुस्तक कागजमा होस् वा स्क्रिनमा, पठनले सोच विस्तार गर्न, संवेदना बढाउन र विवेकशील नागरिक निर्माण गर्न मद्दत गर्छ ।

> *समयसँगै फेरिएको पठन संस्कृतिले हामीलाई आत्म मूल्यांकन गर्ने अवसर पनि दिएको छ । के हामी केवल जानकारी उपभोग गरिरहेका छौँ कि ज्ञान निर्माण गरिरहेका छौँ ?*

समयसँगै फेरिएको पठन संस्कृतिले हामीलाई आत्म मूल्यांकन गर्ने अवसर पनि दिएको छ । के हामी केवल जानकारी उपभोग गरिरहेका छौँ कि ज्ञान निर्माण गरिरहेका छौँ ? गहिरो पठन, चिन्तन र आलोचनात्मक दृष्टिकोण बिना समाज बौद्धिक रूपमा समृद्ध हुन सक्दैन । त्यसैले विद्यालय, परिवार र समाजले पठन संस्कृतिलाई प्रोत्साहन गर्ने नयाँ उपाय खोज्नुपर्छ । पुस्तक क्लब, पठन अभियान, डिजिटल पुस्तकालय र साहित्यिक छलफलजस्ता गतिविधिले आधुनिक सन्दर्भमा पठन संस्कृतिलाई पुनर्जीवित गर्न सक्छन् ।

पठन संस्कृति समयसँगै फेरिनु स्वाभाविक प्रक्रिया हो । यस परिवर्तनलाई केवल पतनको रूपमा नभई रूपान्तरणको रूपमा बुझ्न आवश्यक छ । परम्परागत गहिरो पठनको मूल्यलाई आत्मसात् गर्दै आधुनिक प्रविधिको सदुपयोग गर्न सकियो भने पठन संस्कृति अझ समृद्ध बन्न सक्छ । पढ्ने माध्यम बदलिएको छ, तर पढ्नुको महत्व अझै घटेको छैन । बरु जटिल र सूचनायुक्त संसारमा पठन संस्कृतिको आवश्यकता झनै बढेको छ । त्यसैले समयअनुसार पठन संस्कृतिलाई अपनाउँदै, त्यसको मूल आत्मा जोगाइराख्नु आजको प्रमुख चुनौती र जिम्मेवारी हो ।

## इतिहासमा आज


२८ डिसेम्बर २००६ मा सोमालियाको संक्रमणकालीन संघीय सरकार र इथियोपियाली सेनाले मोगादिसु कब्जा गरेका थिए ।



२८ डिसेम्बर २००९ मा पाकिस्तानको कराचीमा आत्मघाती बम विस्फोट हुँदा ४३ जनाको मृत्यु भएको थियो, जहाँ शिया मुस्लिमहरूले आशुराको दिन मनाइरहेका थिए ।



२८ डिसेम्बर २०१४ मा इन्डोनेसिया एयरएशियाको उडान ८५०१ सुराबायाबाट सिंगापुर जाँदै गर्दा करिमाता स्ट्रेटमा दुर्घटनाग्रस्त भएको थियो, जसमा सवार सबै १६२ जनाको मृत्यु भएको थियो ।



२८ डिसेम्बर २०१९ मा सोमालियाको मोगादिसुमा ट्रक बम विस्फोट हुँदा कम्तिमा ८५ जनाको मृत्यु भएको थियो भने १४० भन्दा बढी घाइते भएका थिए । जुन घटनाको जिम्मेवारी लडाकू समूह अल-शबाबले लिएको थियो ।



# 'डिप-स्टेट'का सम्भावित परिदृश्य

**विचार**



● सत्यजीत

> *नेपालको डिप-स्टेटको मेरूदण्ड उच्च नौकरशाही वर्ग हो, जुन वर्गीय रूपमा सधैँ शासक वर्गसँग उभिएको छ । सचिव, नियामक निकायका प्रमुख, नीति निर्माता- यी सबै जननिर्वाचित होइनन्, तर नीतिगत शक्ति यिनैसँग केन्द्रित छ ।*

डिप-स्टेट कुनै रहस्यमय छायाँ शक्ति होइन, न त केही व्यक्तिहरूको गोप्य षड्यन्त्र मात्र हो । मार्क्सवादी दृष्टिकोणबाट हेर्दा डिप-स्टेट भनेको उत्पादनका साधनमाथि नियन्त्रण राख्ने शासक वर्गले राज्यसत्तालाई आफ्नो वर्गीय हितमा प्रयोग गर्न बनाएको स्थायी संरचना हो । नेपालमा देखिने डिप-स्टेट मूलतः अर्ध-सामन्ती, अर्ध-औपनिवेशिक सामाजिक संरचनाको प्रतिफल हो, जहाँ राज्य कहिल्यै पनि पूर्ण रूपमा श्रमिक-जनताको प्रतिनिधि बन्न सकेन ।

राज्य स्वयं तटस्थ हुँदैन भन्ने मार्क्सको आधारभूत निष्कर्ष नेपालमा स्पष्ट देखिन्छ । यहाँ राज्य सधैं कुनै न कुनै वर्गको औजार रह्यो- पहिले सामन्ती दरबारको, पछि दलाल पुँजीपति र साम्राज्यवादी शक्तिसँग गाँसिएको नव-शासक वर्गको । सरकार फेरिनु, संविधान बदलिनु, चुनाव हुनु- यी सबै राज्यसत्ताको रूपान्तरण हुन्, तर वर्गीय चरित्रको रूपान्तरण होइन । यही निरन्तरताको नाम नै डिप-स्टेट हो । नेपालको ऐतिहासिक विकासक्रम हेर्दा, राणाकालमा डिप-स्टेट खुला थियो- शक्ति केन्द्रित, निरंकुश र पारिवारिक । पञ्चायतकालमा यो संरचना अलि संस्थागत बन्यो- दरबार, सेना र नौकरशाहीको गठजोडका रूपमा । २०४६ पछि बहुदलीय व्यवस्था आयो, तर उत्पादन सम्बन्ध परिवर्तन नभएकाले राज्यको वर्गीय चरित्र यथावत् रह्यो । केवल शासक वर्गको अनुहार फेरियो- पुरानो सामन्तसँग नयाँ दलाल पुँजीपति थपिए ।

२०६२/६३ को परिवर्तनलाई धेरैले 'ऐतिहासिक उपलब्धि' माने, तर मार्क्सवादी विश्लेषणमा त्यो राजनीतिक अधिरचनाको परिवर्तन मात्र थियो, आर्थिक आधार उस्तै रह्यो । भूमि, बैंक, उद्योग, व्यापार र प्राकृतिक स्रोतहरू जनताको नियन्त्रणमा आएनन् । बरु नवउदारवादी नीतिमार्फत राज्य अझै कमजोर र बजार अझै बलियो बनाइयो । यही कमजोर राज्य र बलियो बजारको अन्तरालमा डिप-स्टेटले आफ्नो जरा गाड्यो ।

नेपालको डिप-स्टेटको मेरुदण्ड उच्च नौकरशाही हो, जुन वर्गीय रूपमा सधैँ शासक वर्गसँग उभिएको छ । सचिव, नियामक निकायका प्रमुख, नीति निर्माता- यी सबै जननिर्वाचित होइनन्, तर नीतिगत शक्ति यिनैसँग केन्द्रित छ । मार्क्सले भनेझैँ, राज्यको कर्मचारीतन्त्र 'विशेषीकृत दमन संयन्त्र' हो । नेपालमा यो संयन्त्र श्रमिक-जनताको होइन, दलाल पुँजीपति र विदेशी पुँजीको सेवामा खडा छ ।

सुरक्षा संयन्त्र- सेना, प्रहरी, गुप्तचर- राज्यको सबैभन्दा बलियो अंग हो । संकटको समयमा यिनले कुन शक्तिलाई जोगाउँछन् भन्ने प्रश्न नै वर्गीय विश्लेषणको केन्द्र हो । जनआन्दोलन, श्रमिक संघर्ष वा उत्पीडित समुदायको प्रतिरोध देखिँदा यिनको 'तटस्थता' हराउँछ र दमनकारी चरित्र सतहमा आउँछ । यो कुनै व्यक्तिको खराब नियत होइन, राज्यको वर्गीय स्वभाव हो ।

डिप-स्टेटको अर्को केन्द्रीय अंग ठूला पुँजीपति र कर्पोरेट घराना हुन् । नेपालमा पुँजीवाद उत्पादनशील होइन, दलालमुखी छ । बैंकिङ, जलविद्युत्, मेडिकल शिक्षा, आयात-निर्यात र ठेक्का प्रणालीमार्फत पुँजी संकेन्द्रण हुँदै गएको छ । राज्य नीति यिनै क्षेत्रलाई संरक्षण गर्न बनाइन्छ । जब राज्य नीति पुँजीको सेवक बन्छ, तब लोकतन्त्र औपचारिक मात्र रहन्छ । यस संरचनामा साम्राज्यवादको भूमिका निर्णायक छ । लेनिनले भनेझैं, साम्राज्यवाद पुँजीवादको उच्चतम चरण हो । नेपालजस्तो कमजोर अर्थतन्त्र भएको देशमा विदेशी सहायता, ऋण र परियोजना स्वतन्त्र विकासको साधन होइन, निर्भरताको माध्यम बन्छ । डिप-स्टेटले यही निर्भरतालाई व्यवस्थापन गर्छ- कहिले पूर्वतिर ढल्केर, कहिले पश्चिमतिर सन्तुलनको नाटक गरेर । मिडिया र बौद्धिक क्षेत्र पनि डिप-स्टेटको वैचारिक अंग हो । ग्राम्सीको 'हेजेमोनी' अवधारणा यहाँ सटीक लागू हुन्छ । जनतालाई शासन स्वाभाविक, विकल्पहीन र अपरिहार्य लाग्ने वातावरण निर्माण गरिन्छ । वर्गसंघर्षलाई 'अराजकता', प्रतिरोधलाई ' अस्थिरता' र शोषणलाई 'विकास' भनिन्छ । यसरी डिप-स्टेट केवल दमनबाट होइन, सहमति उत्पादन गरेर पनि टिक्छ ।

यस सम्पूर्ण संरचनाको प्रत्यक्ष परिणाम लोकतन्त्रको खोक्रोपन हो । चुनाव हुन्छ, तर विकल्प उस्तै हुन्छन् । सरकार बदलिन्छ, तर नीति उस्तै रहन्छ । भ्रष्टाचार काण्ड सतहमा आउँछन्, तर संरचना सुरक्षित रहन्छ । यसले जनतामा गहिरो निराशा पैदा गर्छ, जसलाई फेरि डिप-स्टेटले 'राजनीतिप्रति वितृष्णा'को रूपमा प्रयोग गर्छ । भावी दृश्य मार्क्सवादी दृष्टिकोणबाट द्वन्द्वात्मक छ ।

एकातिर, नवउदारवादी संकट, बढ्दो असमानता र युवाको पलायनले राज्यप्रति वैधता संकट गहिरिँदैछ । यसले डिप-स्टेटलाई अझ कठोर र दमनकारी बनाउने सम्भावना छ । अर्कोतिर, चेतनाको विकास, वर्गीय प्रश्नको पुनरुत्थान र उत्पीडित समुदायको आवाज बलियो हुँदै गएको छ । इतिहास सधैं शासक वर्गको इच्छाअनुसार मात्र अघि बढ्दैन ।

डिप-स्टेटको अन्त्य सुधारवादी नाराबाट हुँदैन । यसको जरो आर्थिक आधारमा छ । जबसम्म उत्पादनका साधनमाथि श्रमिक-जनताको नियन्त्रण स्थापित हुँदैन, जबसम्म राज्यसत्ता वर्गीय रूपमा रूपान्तरण हुँदैन, तबसम्म डिप-स्टेट कुनै न कुनै रूपमै जीवित रहनेछ ।


स्पष्ट छ- डिप-स्टेटको वास्तविक प्रतिरोध भनेको वगसंघर्षको पुनर्संयोजन हो । नेपालको प्रश्न अन्ततः यही हो- राज्य दलाल पुँजीपति र साम्राज्यवादको औजार रहिरहन्छ कि श्रमिक-जनताको मुक्तिको साधन बन्छ ? यो प्रश्नको उत्तर संविधानको धारामा होइन, वर्गीय शक्ति सन्तुलनमा लेखिनेछ ।

## सामाजिक सञ्जाल




डम्बर खतिवडा

ओलीले एमाले मात्रै कब्जा गरे भन्या त देउवा र कांग्रेस पनि कब्जा गरेछन् । एमाले-कांग्रेस गठबन्धन भए गज्जब नै मानिनु पर्छ । भिन्नाभिन्नै चुनाव लडे अझै १५/१५ प्रतिशत भोट ल्याउलान् भन्ने लाग्या थियो । दुवै गठबन्धन गरेर लडे २० प्रतिशत आउन गाह्रो पर्ला । कांग्रेसले लोकतान्त्रिक मतदाता गुमाइसक्यो ।




रञ्जित तामाङ

सिद्धान्त, ऐतिहासिक पृष्ठभूमि, गाउँ टोलसम्म जरा गाडेको दलहरूमा नेताको व्यक्तिवादी चरित्र हाबी हुँदा मुलुकले आज यो दुःख भोगिरहेको छ । झन् 'नयाँ हौँ' भन्नेहरू पार्टी बनाउन पनि पदको बार्गेनिङमा छन् । लेखेर राख्नुहोला ! नयाँ भनिएकाहरू आयो भने देशले थप कुकुरले नपाउने दुःख पाउनेछ ।



डा. मुकुल ढकाल

अब आउने चुनावले २/३ले नै नयाँ प्रधानमन्त्री बनाए पनि ती प्रधानमन्त्रीको राष्ट्रिय सभामा सामान्य बहुमत पनि पुग्दैन । संविधान संशोधन त परको कुरा, सरकारले सामान्य कानुन पनि बनाउन सक्दैन । निषेधको राजनीतिले देश ठूलो भुमरीमा फस्दै छ ।



प्रेम घर्ती मगर

सामान्यतया कुनै पनि देशको कार्यकारी प्रमुखले अर्को देशको नामै तोकेर नकारात्मक उदाहरण दिनु कूटनीतिक हिसाबले उपयुक्त मानिँदैन । बङ्गलादेश सार्कको एक महत्वपूर्ण सदस्य राष्ट्र हो । त्यहाँ जे-जस्ता समस्या भए पनि कूटनीतिमा 'बङ्गलादेशको जस्तो हालत हुन्छ' भन्नु सान्दर्भिक/उचित होइन ।

# शीतलहरले जनजीवन कष्टकर
## स्थानीय सरकार उदासिन

घनश्याम बलम्पाकी/मध्यान्ह
सर्लाही, १२ पुस



शीतलहरका कारण सर्लाहीको जनजीवन कष्टकर बनेको छ । गत सातादेखि अत्याधिक चिसोका कारण शीतलहर बढेसँगै जनजीवन कष्टकर बनेको हो ।

चिसो हावासँगै तापक्रम ह्वात्तै घटेपछि बालबालिका, ज्येष्ठ नागरिक, विपन्न तथा सडकमा रात काट्ने नागरिक प्रभावित भएका छन् । विशेषगरी गरिब, वृद्धवृद्धा, बालबालिका तथा खुला ठाउँमा काम गर्ने मजदुरहरू बढी प्रभावित भएका छन् ।

चिसोका कारण विद्यालय जाने विद्यार्थीको उपस्थिति घटेको छ भने बिहानै खेतबारी वा मजदुरीमा निस्कनुपर्ने किसान तथा कामदारहरू समस्यामा परेका छन् । कठ्यांग्रिदो जाडो र शीतलहरले हिउँदे बालीलाई समेत असर पर्ने गरेको छ । आलु, गोलभेडाल, सागपात लगायतका अन्य तरकारी बालीमा डढुवा जस्ता प्रकोप देखिन थालेपछि किसानहरू चिन्तित बनेका छन् ।

शीतलहरकै कारण चौपाया तथा पशुपंक्षीसमेत प्रभावित भएको उनीहरूले बताए । चिसो बढेपछि जिल्ला सदरमुकाम मलंगवा, लालबन्दी, हरिवन, बरहथवा, गोडैता, बयलवास लगायतबजार तथा सार्वजनिक स्थानहरूमा मानिसको चहलपहल घटेको छ । बिहानपख सवारी साधन चलाउन समेत कठिनाइ भएको छ भने बाक्लो हुस्सुका कारण सडक दुर्घटनाको जोखिम बढेको भन्दै यातायात व्यवसायीले गुनासो गरेका छन् । ज्वरो, रुघाखोकी, निमोनियालगायत चिसोसँग सम्बन्धित स्वास्थ्य समस्या बढ्न थालेका छन् । तर जोखिम न्यूनीकरणका लागि आवश्यक न्यानो कपडा वितरण, अस्थायी आश्रयस्थल व्यवस्थापन, दाउरा तथा औषधि उपलब्ध गराउने जस्ता कार्यमा गाउँको सिंहदरबार भनेर चिनिने स्थानीय तहले चासो नदेखाएको मानव अधिकार संगठन सर्लाहीका जिल्ला अध्यक्ष तथा नागरिक अगुवा रजनीकान्त झाले गुनासो गरे ।

विपन्न परिवारहरू चिसो छल्न आगो तापेर रात बिताउन बाध्य छन् । कतिपय स्थानमा विद्यालय जाने बालबालिका चिसोका कारण घरमै बस्नुपरेको छ । तर शीतलहर आउन सक्ने मौसम पूर्वानुमान हुँदाहुँदै पनि सरोकारवाला निकायले कुनै ठोस पूर्वतयारी नगरेको मानव अधिकार संगठन सर्लाहीका जिल्ला अध्यक्ष तथा नागरिक अगुवा झाले आरोप लगाए ।

यता विपद् ब्यवस्थान समितीका संयोजकसमेत रहेका प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले शीतलहर पीडितका लागि तत्काल राहत कार्यक्रम सञ्चालन गर्न, न्यानो कपडा र कम्बल वितरण गर्न तथा स्वास्थ्य शिविर सञ्चालन गर्न २० वटै स्थानीय तहका जनप्रतिनिधिलाई अनुरोध गरेको छ ।

यता चक्रघट्टा गाउँपालिकाका प्रमुख कृष्णकुमार यादवले भने एक दुई दिनभित्र चिसोबाट बच्न जनचेतनामुलक कार्यक्रम सञ्चान गर्ने र न्यानो कपडा वितरण र दाउरा ब्यवस्थाप गर्ने तयारीमा जुटेको बताए । कतिपय स्थानीय तहले स्रोतसाधनको अभावका कारण तत्काल कार्यक्रम सञ्चालन गर्न कठिन भएको बताउँदै आएका छन् ।

मौसम अझै केही दिन चिसो रहने अनुमान गरिएको अवस्थामा समयमै प्रभावकारी कदम नचालिए शीतलहरको असर अझ कष्टकर बन्दै जाने सरोकारवालाहरुले चिन्ता ब्यक्त गरेका छन् ।

# विकास निर्माणका कामको अनुगमन

महमद सदाब/मध्यान्ह
वीरगञ्ज, १२ पुस



वीरगञ्ज महानगरपालिकाका उपप्रमुख इस्तियाज आलमले वडा नम्बर-३१ स्थित बेलवामा सञ्चालित विकास निर्माण कार्यको स्थलगत अनुगमन गरेका छन् । अनुगमनका क्रममा उनले सडक ढलान तथा रामजानकी मन्दिरको पर्खाल निर्माण कार्यको निरीक्षण गरेका हुन् ।

केही महिनाअघि रामजानकी मन्दिर व्यवस्थापन समितिले पर्खाल निर्माणका लागि उपप्रमुख आलमसमक्ष प्रस्ताव पेस गरेपछि सो कार्य सम्पन्न गरिने प्रतिबद्धता जनाइएको थियो । हाल पर्खाल निर्माण पूरा भएपछि स्थानीय बासिन्दाहरू खुसी भएका छन् ।

यसै अवसरमा रामजानकी मन्दिर व्यवस्थापन समितिले आयोजना गरेको कार्यक्रममा उपप्रमुख आलम प्रमुख अतिथिका रूपमा सहभागी भएका थिए ।

कार्यक्रममा मन्तव्य व्यक्त गर्दै उनले जनताको साथ र सहयोगमै विकास सम्भव हुने उल्लेख गर्दै सामाजिक सद्भाव र धार्मिक सहिष्णुताको भावना अझ सुदृढ बनाउन महानगरपालिका प्रतिबद्ध रहेको बताए । 'हामी सधैं जनताको साथमा छौं । आपसी एकता, भाइचारा र धार्मिक सहिष्णुताको संरक्षण गर्दै रामजानकी मन्दिरलाई सक्दो सहयोग गर्न तयार छौं,' उपप्रमुख आलमले भने । कार्यक्रमको सभापतित्व मन्दिर व्यवस्थापन समितिका अध्यक्ष जोखन दासले गरेका थिए भने नेपाली कांग्रेस क्षेत्र नम्बर-२ का सचिव हरि यादव विशिष्ट अतिथिका रूपमा उपस्थित थिए । कार्यक्रममा वीरगञ्ज महानगरपालिका वडा नम्बर-३१ का वडाध्यक्ष जितेन्द्र यादव, हैदर अन्सारी, शेख अमरुल हसनलगायत स्थानीयवासीहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

# मधुवनमा वन संरक्षण र मानव–वन्यजन्तु सहअस्तित्वबारे संरक्षण संवाद

सन्तोष पौडेल/मध्यान्ह
बर्दिया, १२ पुस



बर्दियाको मधुवन नगरपालिकाका जनप्रतिनिधीहरूसँग वन संरक्षण, मानव-वन्यजन्तु सहअस्तितत्व तथा जोखिम न्यूनीकरणका विषयमा केन्द्रित संरक्षण संवाद तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

मधुवन नगरपालिका र तराई भूपरिधि संरक्षण कार्यक्रम, कोहलपुर (बाँके)को सहयोगमा डिभिजन वन कार्यालय बर्दिया तथा बर्दिया राष्ट्रिय निकुञ्जको समन्वय र सहकार्यमा खाता सामुदायिक वन समन्वय समितिले कार्यक्रमको आयोजना गरेको हो ।

सामुदायिक होमस्टे, डल्लामा आयोजित कार्यक्रममा वन सम्बर्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन, वन्यजन्तु क्षतिबाट प्रभावित समुदायका लागि उपलब्ध राहत वितरण प्रक्रिया तथा मानव-वन्यजन्तु सहअस्तित्वलाई थप सुदृढ बनाउने उपायबारे सहभागीहरूलाई विस्तृत जानकारी गराइएको थियो ।

कार्यक्रममा हात्तीको व्यवहार र पारिस्थितिकी, बाघ तथा चितुवाको व्यवहारिक बानी र पारिस्थितिक भूमिकाबारे विज्ञद्वारा सहजीकरण गरिएको थियो । साथै मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि अपनाउनुपर्ने सुरक्षा उपाय, बीमा प्रणालीको भूमिका तथा वन्यजन्तु संरक्षणसँगै मानव सुरक्षाको सुनिश्चितता कसरी गर्न सकिन्छ भन्ने विषयमा गहन छलफल भएको थियो ।

संवाद कार्यक्रममा जिल्ला प्रशासन कार्यालय, जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू, मधुवन नगरपालिकाका जनप्रतिनिधीहरू, बर्दिया राष्ट्रिय निकुञ्जका प्रमुख, सामुदायिक वन उपभोक्ता समूह तथा सामुदायिक वनसँग आबद्ध विभिन्न उपसमितिका प्रतिनिधिहरू र संरक्षणकर्मीहरूको सहभागिता रहेको थियो ।

सहभागीहरूले संरक्षण र विकासलाई सँगसँगै अघि बढाउँदै स्थानीय तहको नेतृत्वमा सहअस्तित्वमैत्री नीति तथा व्यवहार अपनाउनु अपरिहार्य रहेको धारणा व्यक्त गरेका छन् । कार्यक्रमले सरोकारवाला निकायहरूबीच आपसी समन्वय र सहकार्यलाई थप सुदृढ बनाउने विश्वास गरिएको छ ।

# रौतहटमा नि:शुल्क आँखा परीक्षण शिविर
## १ सय २७ जनामा देखियो मोतियाविन्दु



मध्यान्ह संवाददाता
रौतहट, १२ पुस

रौतहटको सीमावर्ती क्षेत्रका नागरिकलाई लक्षित गरी आयोजना गरिएको एक दिने नि:शुल्क मोतियाविन्दु शल्यक्रिया तथा आँखा परीक्षण शिविर शनिबार भव्यताका साथ सम्पन्न भएको छ ।

नेपाल-भारत मैत्री संघ रौतहटको समन्वय तथा नेपाल नेत्रज्योति संघ गौर आँखा अस्पताल पुरेनवाको आयोजना एवं प्राविधिक सहयोगमा इशनाथ नगरपालिका-१ बन्जरहास्थित आधारभूत विद्यालयमा शिविर सञ्चालन गरिएको हो ।

स्थानीय समाजसेवी एवं नेपाल-भारत मैत्री संघ रौतहटका अध्यक्ष गृषनन्दन कुमार सिंहको विशेष पहलमा आयोजित उक्त शिविरबाट सीमावर्ती क्षेत्रका गरिब, असहाय तथा विपन्न वर्गका नागरिकहरू प्रत्यक्ष लाभान्वित भएका छन् ।

शिविरका कार्यक्रम संयोजक सत्येन्द्र पाण्डेका अनुसार शिविरमा कूल ७ सय ४२ जनाले आँखा परीक्षण गराएका थिए । जसमा ४ सय १९ महिला र ३ सय २३ पुरुष रहेका छन् । परीक्षणका क्रममा दृष्टिदोष देखिएका १ सय ५६ जनालाई नि:शुल्क चश्मा वितरण गरिएको छ भने २ सय २९ जनालाई आवश्यक औषधि उपलब्ध गराइएको हो । यस्तै, मोतिबिन्दु भएका १ सय २७ जना बिरामीलाई शल्यक्रियाका लागि छनोट गरिएको हो । उनीहरूको गौर आँखा अस्पतालमा नि:शुल्क शल्यक्रिया गरिने आयोजकले जनाए । नेपाल-भारत मैत्री संघ रौतहटका जिल्ला अध्यक्ष गृषनन्दन कुमार सिंहको अध्यक्षतामा सम्पन्न उद्घाटन सत्रमा संघका केन्द्रीय अध्यक्ष शैलेन्द्र मोहन झा प्रमुख अतिथि रहेका थिए । कार्यक्रममा नेपाल र भारतका उच्च पदस्थ अधिकारी तथा जनप्रतिनिधिहरूको उल्लेख्य उपस्थिति रहेको थियो । विशिष्ट अतिथिको रूपमा भारतीय पक्षबाट बिहार विधान सभा सदस्य एवं पूर्व मन्त्री राणा रणधीर सिंह र नेपालको तर्फबाट मधेश प्रदेशका पूर्व अर्थमन्त्री एवं नेपाली कांग्रेस रौतहटका सभापति सुनील कुमार यादव सहभागी रहेका छन् ।

यस्तै, इशनाथ नगरपालिकाकी नगरप्रमुख कौशल्या देवी, उपप्रमुख प्रवेज आलम, नेपाल नेत्रज्योति संघ रौतहटका अध्यक्ष विजयकुमार सिंह लगायतले शिविरको अवलोकन गर्दै मानवीय सेवाको यो कार्यको प्रशंसा गरे ।

कार्यक्रममा प्रहरी उपरीक्षक रबिन कार्की, सशस्त्र प्रहरी उपरीक्षक रामहरी अधिकारी, राष्ट्रिय अनुसन्धान विभागका उपनिर्देशक कुमार बुढाथोकी, नेत्रज्योति संघका सचिव बच्चाबाबु यादव तथा भारतीय सीमावर्ती क्षेत्रका पञ्चायत सदस्य अब्दुल्लाह अन्सारी र स्थानीय कार्यवाहक वडाध्यक्ष तजमुल खाँको समेत उपस्थिति रहेको थियो ।

प्राविधिक टोली र सेवा प्रवाह

गौर आँखा अस्पतालका वरिष्ठ नेत्र चिकित्सक डा. मनोजकुमार साहको नेतृत्वमा १५ सदस्यीय प्राविधिक टोलीले सेवा प्रदान गरेको थियो । टोलीमा नेत्र अधिकृत विनिता केशरी, दृष्टि विशेषज्ञ मदन चौधरीसहित अशोक कुमार पासवान, अमित दास, जितेन्द्र साह, जितेन्द्र यादव, गौरी राउत र प्रद्युम्न यादव लगायतका स्वास्थ्यकर्मीहरू सक्रिय रहेका थिए ।

समापनका क्रममा अध्यक्ष गृषनन्दन कुमार सिंहले विपन्न वर्गका मानिसहरू जो आर्थिक अभावमा उपचारबाट वञ्चित थिए, उनीहरूको घरआँगनमै पुगेर सेवा दिन पाउनु खुशीको कुरा रहेको बताए । उनले शिविर सफल पार्न सहयोग गर्ने चिकित्सक टोली, स्थानीय प्रशासन, र सम्पूर्ण सहयोगी हातहरूलाई धन्यवाद ज्ञापन गरे ।

सीमावर्ती बन्जरहामा आयोजित यस शिविरले नेपाल र भारतबीचको जनस्तरको सम्बन्धलाई थप प्रगाढ बनाउनुका साथै स्वास्थ्य सेवामा पहुँच नभएका नागरिकलाई ठुलो राहत पुऱ्याएको स्थानीयले बताए ।

# अर्जुन थापाको नेतृत्वमा जनसम्पर्क समिति साउदीको नयाँ कार्यसमिति



अन्जान गुभाजु/मध्यान्ह
साउदी अरब, १२ पुस

नेपाली कांग्रेसको प्रवासस्थित भातृ संगठन जनसम्पर्क समिति साउदी अरबको तेस्रो अधिवेशन शुक्रबार रियादमा सम्पन्न भएको छ । अधिवेशनले अर्जुनबहादुर थापालाई सर्वसम्मत रूपमा सभापति चयन गर्दै २५ सदस्यीय नयाँ कार्यसमिति निर्विरोध गठन गरेको छ। सहभागीहरूले यो अधिवेशनलाई संगठनभित्रको आपसी विश्वास र एकताको स्पष्ट सन्देशका रूपमा मूल्याङ्कन गरेका छन् ।

नवनिर्वाचित कार्यसमितिको वरिष्ठ उपसभापतिमा शुरेसराज त्रिपाठी चयन भएका छन् भने उपसभापतिमा पदमप्रसाद पाण्डे, नरेश सापकोटा र गोपाल पंगेनी रहेका छन् । यस्तै, अरुण वेल्वासे र मोहन अधिकारी महामन्त्री तथा भिम विक र खेमराज भट्ट सह-महामन्त्रीमा चयन भएका छन् । कार्यसमिति सदस्यहरूमा पाराश काफ्ले, रामचन्द्र राउत, लक्ष्मी लोप्चन तामाङ, रामशरण थापा, अनिल रेग्मी, राजेन्द्र कार्की, सुरज रेग्मी, संजोग पाण्डे, आयान बस्नेत, पूर्णप्रसाद रिजाल, प्रकाशबहादुर ढाँट, भरतबहादुर बोहोरा, तेजप्रसाद अधिकारी, इब्राहिम शर्मा, गणेश भाट इब्राहिम, गोपाल आचार्य र सन्तोष परियार रहेका छन् ।

अधिवेशनको उद्घाटन सत्रमा प्रमुख अतिथिको आशनबाट बोल्दै नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा जनसम्पर्क समन्वय विभागका संयोजक किरणराज शर्मा पौडेलले पछिल्लो समय युवापुस्ताबाट उठेको दबाबले राजनीतिक दलहरूलाई आत्मसुधारतर्फ अघि बढ्न सन्देश दिएको उल्लेख गरे । उनले वर्तमान राजनीतिक गतिरोधको समाधान लोकतान्त्रिक प्रक्रिया र निर्वाचनमार्फत मात्रै सम्भव हुने धारणा व्यक्त गर्दै प्रवासमा रहेका नेपालीहरूको सीप, अनुभव र लगानीलाई पर्यटन र उद्यमशीलतासँग जोडेर देशको विकासमा प्रयोग गर्न सकिने बताए ।

कार्यक्रममा वक्ताहरूले साउदीमा सहमतिका आधारमा सम्पन्न अधिवेशनलाई उदाहरणका रूपमा प्रस्तुत गर्दै नेपाली कांग्रेसको आसन्न १५औं महाधिवेशन पनि आपसी समझदारीका साथ समयमै सम्पन्न हुनुपर्ने आवश्यकता औंल्याएका छन् । कार्यक्रममा शुभकामना व्यक्त गर्दै रियादस्थित नेपाली दूतावासका श्रम काउन्सेलर कविराज उप्रेती तथा जनसम्पर्क समन्वय विभागका सदस्य पुरुषोत्तम खनालले प्रवासमा रहेका नेपाली श्रमिकहरूको हक-हितका सवालमा जनसम्पर्क समितिले अझ प्रभावकारी भूमिका खेल्नुपर्ने सुझाव दिए ।

अधिवेशनकै अवसरमा साउदी अरबमा कार्यरत २२ जना युवा नेपाली कांग्रेसमा आबद्ध भएका छन् । नवनिर्वाचित सभापति थापाले संगठनलाई अझ सुदृढ बनाउँदै साउदीमा रहेका नेपाली समुदायको हितका लागि सबैलाई समेटेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे ।

# दम्ती सबस्टेसन सञ्चालनको माग
## करोडौंको लगानीमा निर्माण हुन लागेको सबस्टेसन अलपत्र

सूर्यप्रसाद भुसाल/मध्यान्ह
प्यूठान, १२ पुस

प्यूठानको दम्ती सबस्टेसन तत्काल सञ्चालन गर्न माग गर्दै नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितमान शाक्यलाई निवेदन बुझाइएको छ ।

निर्माण कम्पनीले समयमै काम सम्पन्न नगरेपछि ठेक्का तोडेर पुनः मूल्यांकन प्रक्रिया अघि बढाइएको जानकारी दिँदै चालू आर्थिक वर्षभित्रै दम्ती सबस्टेसन सञ्चालनमा ल्याइने प्रतिबद्धता कार्यकारी निर्देशक शाक्यले व्यक्त गरेको झिमरुक गाउँपालिका उपाध्यक्ष प्रमोद पोखेलले जानकारी दिए ।

दम्ती सबस्टेसन सञ्चालनमा नआउँदा निरन्तर भोल्टेज अप-डाउनको समस्या झेल्दै आएका प्यूठानी जनताले विद्युतीय सामग्रीमा वार्षिक ५ करोड रुपैयाँभन्दा बढी खर्च गर्नुपरेको छ ।

सबस्टेसन सञ्चालन भएमा विद्युत् आपूर्ति गुणस्तरीय हुनुका साथै जनताको आर्थिक भारसमेत कम हुने विश्वास व्यक्त गरिएको छ । झिमरुक गाउँपालिका अन्तर्गत चुधारा, कमदले, चिचिण्डे, खहरे, दुवाचौर, तुषारा उपल्लाकोट, काप्रे खोला, बादीकोट, ओखरकोट, मच्छी बजार लगायतका बस्तीहरूमा साँझपख लाइन डिम हुने, विद्युतिय सामग्री सञ्चालनमा समस्या हुने समस्याले किसान तथा सर्वसाधारण गम्भीर समस्यामा परेको विषय नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक हितमान शाक्यलाई जानकारी गराउन गाउँपालिकाका उपाध्यक्ष पोखेल काठमाडौं पुगेका थिए ।

उक्त समस्याका कारण सिँचाइ, कृषि उपकरण सञ्चालन, व्यवसाय तथा दैनिक जीवनमा प्रत्यक्ष असर परेको भन्दै तत्काल ट्रान्सफर्मर थप गरी लाइन व्यवस्थापन गर्न माग गर्दै निवेदन बुझाइएको हो ।

निवेदन प्राप्तिपछि कार्यकारी निर्देशक शाक्यले समस्या समाधानका लागि आवश्यक प्राविधिक प्रक्रिया अघि बढाइ दुई-तीन महिनाभित्रै विद्युत् आपूर्ति सुधार गर्ने गरी काम हुने प्रतिबद्धता व्यक्त गरेका प्राधिकरण उच्च स्रोतको भनाइ छ ।

१५करोड लगानीमा निर्माण भएको विद्युत् सव-स्टेसन अलपत्र परेपछि प्यूठान र रोल्पा जिल्लाका बासिन्दा मर्कामा परेका छन् । सव-स्टेसन सञ्चालनमा नआउँदा बारम्बार लाइन डिम हुने, विद्युत् अवरुद्ध हुने, उद्योग-व्यवसाय, कृषि सिँचाइ, स्वास्थ्य संस्था र सर्वसाधारणको दैनिकी प्रत्यक्ष रूपमा प्रभावित भएको छ । १५ करोड सरकारी लगानी भएर पनि समयमै काम सम्पन्न नहुनु गम्भीर लापरबाही भएको भन्दै स्थानीय नागरिक आक्रोशित छन् ।

# सिरहामा गाँजा खेती फँडानी

मनु यादव निरज/मध्यान्ह
सिरहा, १२ पुस

सिरहाको कल्याणपुर नगरपालिका-९ रुदलपुर टोलमा अवैध रूपमा गरिएको गाँजा खेती प्रहरीले फँडानी गरी नष्ट गरेको छ । जिल्ला प्रहरी कार्यालय सिरहा, इलाका प्रहरी कार्यालय मिर्चैया, इलाका प्रहरी कार्यालय कल्याणपुर तथा लागुऔषध नियन्त्रण व्यूरो शाखा कार्यालय गोलबजारबाट खटिएको संयुक्त प्रहरी टोलीले मंगलबार बिहान उक्त कार्यवाही गरेको हो ।

प्रहरीका अनुसार खेतबारी तथा घरआँगनमा करिब ८/९ कट्ठा क्षेत्रफलमा फैलाएर लगाइएको गाँजाका बोटहरू फँडानी गरिएको हो । फँडानीपछि स्थानीय जनप्रतिनिधि र सर्वसाधारणको रोहबरमा संकलित गाँजाका बोटहरू स्थलमै आगो लगाई नष्ट गरिएको प्रहरीले जनाएको छ । कार्यवाहीका क्रममा कसैलाई पनि पक्राउ नगरिएको र घटनासम्बन्धी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जानकारी दिएको छ । प्रदेशभर लागुऔषध दुर्व्यसन तथा अवैध खेती नियन्त्रणका लागि अभियानात्मक रूपमा निगरानी र कारबाही तीव्र पारिएको प्रहरीले जनाएको छ ।

**भुगर्भ सिमेन्ट लिमिटेडको**
(का.म.न.पा. - ११, काठमाडौं, द.नं. ३१४३०९)
**हकप्रद शेयर बापतको रकम माग गर्ने सम्बन्धी सूचना**
दोस्रो पटक प्रकाशितः २०८२/०९/१३
आदरणीय शेयरधनी महानुभावहरू,
यस कम्पनीको मिति २०८२/०९/०१ गते बसेको साधारण सभाबाट निर्णय भए बमोजिम यस कम्पनीले १००:६० को अनुपातमा जारी गर्न लागेको हकप्रद शेयरको सम्बन्धमा शेयर बापतको रकम माग गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गरिएको हुँदा, यो सूचना जारी भएको मिति देखी ३५ दिन भित्रको समयमा प्रति शेयर रु.१००/- का दरले उक्त हकप्रद शेयर बापतको रकम, यस कम्पनीको खातामा दाखिला गरी कम्पनीको रजिष्टर्ड कार्यालयमा सो दाखिला गरेको भौचरको अधकट्टि पेश गर्नु हुन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई यस सूनचा मार्फत हार्दिक अनुरोध गर्दछौं ।
सञ्चालक समितिको आज्ञाले,
अध्यक्ष, सञ्चालक समिति ।

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल**
**बोलपत्रहरू स्विकृतिका लागि आशयको सूचना**
मिति : २०८२/०९/१३
यस अस्पतालबाट प्रकाशित बोलपत्रहरुको सूचना अनुसार तपशिल बमोजिमको ठेक्काको सूचनामा उल्लेखित अन्तिम म्यादभित्र दर्ता भएका बोलपत्रहरु मुल्यांकन गर्दा सारभुत रुपमा प्रभावग्राही बोलपत्रहरु देहाय बमोजिम भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो आशयको सूचना प्रकाशित गरिएको छ । बिस्तृत जानकारीको लागी यस अस्पतालको सूचना पाटिमा तथा अस्पतालको वेभसाइट :www.lphospital.gov.np मा हेर्न सकिनेछ ।
तपशिल

| सि.न. | ठेक्का नं. |
|---|---|
| १ | LPH-NCB-Goods-01-2082-083 Supply & Delivery of Pharmacy Medicine (Package I) |
| २ | LPH-NCB-Goods-02-2082-083 Supply & Delivery of Pharmacy Medicine (Package II) |
| ३ | LPH-NCB-Goods-03-2082-083 Supply & Delivery of Pharmacy Medicine (Package III) |
| ४ | LPH-NCB-Goods-12-2082-083 (Supply & Delivery of Store Surgical Items) |

मेडिकल सुपरिटेण्डेण्ट

मध्यान्ह
www.madhyanhadaily.com
१३ पुस २०८२ आइतबार
28 December 2025 Sunday



# ‘कल्ली’को टिजरमा देवता र राक्षसको कथा

**काठमाडौं/मस–** मल्टिस्टारर नेपाली फिल्म ‘कल्ली’को टिजर युट्युबमार्फत सार्वजनिक गरिएको छ। निर्माण टिमले शनिबार दर्शकको चासो जगाउने रोचक टिजर सार्वजनिक गरेको हो।

सार्वजनिक टिजरले फिल्मको मूल कथावस्तुमा संकेत गर्छ। ‘कल्ली’ले मानिसभित्र लुकेको देवत्व र राक्षसी प्रवृत्ति बीचको द्वन्द्वलाई केन्द्रमा राखेर कथा बुनेको देखिन्छ। परिश्रम, इमान र मिहिनेतको प्रतिनिधित्व गर्ने देवता र लोभ, लालच तथा मोहले भरिएको राक्षसी स्वभावबीचको संघर्षलाई फिल्मले दार्शनिक ढंगले प्रस्तुत गर्ने संकेत टिजरमा भेटिन्छ।

मानिसले आफ्नो अन्तरमनको देवतालाई दबाएर राक्षसी प्रवृत्तिलाई स्थान दिएपछि उत्पन्न हुने परिस्थितिको कथालाई ‘कल्ली’ले पर्दामा उतार्ने प्रयास गरेको छ।

फिल्मको निर्देशन लक्ष्मण सुनारले गरेका हुन्। सामाजिक विषयवस्तुमा आधारित ‘बुलाकी’ र लेखनमा तयार भएको ‘टुल्की’ मार्फत प्रशंसा कमाएका सुनार यसपटक भने मानवीय संवेदना र प्रवृत्तिको गहिरो विश्लेषणमा केन्द्रित देखिन्छन्। फिल्मको कथा स्वयं सुनारकै हो भने पटकथा महेश दवाडीले लेखेका हुन्।

‘कल्ली’मा उत्तम प्रधान, सौगात मल्ल, अर्पण थापा, बेनिशा हमाल, सुलक्षण भारती, नाजिर हुसेन, वर्षा राउत, बेगम नेपाली, विनोद न्यौपाने, रेयर राई, प्रियना आचार्य, अर्जुन गुरुङ, सन्जोग राणा, गीता अधिकारी, कुलबहादुर अधिकारी, सरस्वती खत्री र श्याम मगरको अभिनय रहेको छ।

बाल-कलाकारको रूपमा उपेश ढकाल, मञ्जिला बानियाँ र समर्पण खतिवडा देखिएका छन्। टिजरको अन्त्यतिर परीक्षा लिम्बूलाई सरप्राइज प्याकेजका रूपमा प्रस्तुत गरिएको छ।

फिल्मको छायांकन निसाल पौडेलले गरेका हुन् भने सम्पादन मिलन श्रेष्ठको रहेको छ। आशिष अविरल, सरित राई र केतन क्षेत्रीको संगीत तथा एनबी महर्जनको एक्सन कोरियोग्राफीले फिल्मलाई थप बलियो बनाएको देखिन्छ। ब्याकग्राउन्ड स्कोर र संवादले टिजरमै दर्शकलाई आकर्षित गर्न सफल देखिन्छ।

फिल्म किरण नेपालीको निर्माणमा बनेको हो। सुरज आचार्य निर्माण प्रमुख रहेका छन्। लेकाली इन्टरटेन्मेन्ट र कस्तुरी प्रोडक्सनको ब्यानरमा निर्माण भएको ‘कल्ली’ आगामी फागुन १ गतेदेखि प्रदर्शनमा आउने तयारीमा छ।

# बिटी कान्छाको वेब सिरिज ‘हरामी’ युट्युबमा साप्ताहिक प्रसारण

**काठमाडौं/मस–** नेपाली फिल्म र डिजिटल कन्टेन्टको रोचक समीक्षा मार्फत दर्शकमाझ ‘बिटी कान्छा’ उपनामले परिचित विश्वास तिम्सिनाको लेखन तथा निर्देशनमा बनेको वेब सिरिज ‘हरामी’ युट्युब प्लेटफर्ममा साप्ताहिक रूपमा प्रसारण भइरहेको छ। पाँच भागमा निर्माण गरिएको यस सिरिजका प्रत्येक एपिसोड करिब २५ मिनेट लामो छन् भने हरेक शुक्रबार सार्वजनिक हुँदै आएका छन्।



नेपालमा युट्युब प्लेटफर्ममा प्रायः सामाजिक पीडा, छोरी-चेलीका दुःख र पारिवारिक कथामा आधारित सिरिजहरू बढी देखिँदै आएको सन्दर्भमा ‘हरामी’ले भने फरक स्वादको कन्टेन्ट प्रस्तुत गरेको छ। बिटी कान्छाले घरेलु दर्शकभन्दा बाहिर निस्कँदै मुख्यतः युवा पुस्ताको जीवनशैली, सोच, सम्बन्ध र स्वतन्त्रताको खोजीलाई कथाको केन्द्रमा राखेका छन्।

हालसम्म सार्वजनिक भएका एपिसोडहरूले दर्शकबाट सकारात्मक प्रतिक्रिया पाइरहेको निर्देशक तिम्सिनाले बताए। उनका अनुसार पहिलो भागको तुलनामा दोस्रो र तेस्रो भागले अझ राम्रो प्रतिक्रिया पाएको छ। सिरिजको कथा एउटै फ्ल्याटमा बस्ने तीन जना युवाको जीवन वरिपरि घुम्छ, जहाँ प्रेम, करिअर, मित्रता र व्यक्तिगत द्वन्द्वका विविध आयामहरू प्रस्तुत गरिएको छ। प्रत्येक भागमा फरक विषयवस्तुलाई समेट्दै युवाहरूको वास्तविक जीवनसँग जोडिने प्रयास गरिएको निर्देशकको भनाइ छ।

सिरिज निर्माणको प्रेरणाबारे खुलाउँदै बिटी कान्छाले ‘हरामी’को कथा वास्तविक जीवनका अनुभवबाट जन्मिएको बताए। सिरिजका एक पात्र निकुन श्रेष्ठको जीवनबाट कथाको आइडिया आएको उनको भनाइ छ। कालिम्पोङबाट नेपाल आउँदा निकुनको घरमा बसेका बेला उनका बुबा-आमा अमेरिका रहेकाले उनी एक्लै बस्दै आफ्नै जीवनशैलीमा रमाइरहेको देखेपछि त्यसैलाई आधार बनाएर कथा विकास गरिएको तिम्सिनाले बताए। ‘फ्ल्याटमा बस्ने आइडिया निकुनकैमा बस्दा आएको हो। हरि र मिलन पात्रमा भने मेरा भारतका साथीहरूको आत्मा हालेको छ,’ उनले भने, ‘तीन पात्रको जीवनमा आउने साना-साना मोड र घटनालाई नै कथानकका रूपमा प्रस्तुत गर्ने प्रयास हो।’

भारतीय युट्युब च्यानल टिभिएफ र डाइस मिडियाका कन्टेन्टबाट आफू प्रभावित भएको उल्लेख गर्दै बिटी कान्छाले नेपालमा पनि यस्तै युवा केन्द्रित, जीवनसँग नजिक कन्टेन्ट ल्याउने उद्देश्यले ‘हरामी’ निर्माण गरिएको बताए। सिरिजका प्रमुख पात्रमध्ये एक निकुन श्रेष्ठ स्वयं पनि यस योजनामा सुरुदेखि नै संलग्न थिए। उनका अनुसार ‘हरामी’ बनाउने सोच सन् २०२० देखि नै थियो। मन प्रडक्सनसँग आबद्ध निकुन यस सिरिजका कार्यकारी निर्माता समेत हुन्। कोभिड-१९ महामारीका कारण योजना केही समय रोकिए पनि सन् २०२५ मा आएर यो परियोजना मूर्त रूप लिन सफल भएको उनले बताए।

‘कोभिडकै समयमा युवा केन्द्रित सिरिज बनाउने योजना थियो, तर पछि कम्पनी फिल्म निर्माणतर्फ सक्रिय भयो,’ निकुन भन्छन्, ‘बीचमा बिटीसँग भेट भएपछि ‘हरामी’ अहिलेको स्वरूपमा तयार भयो।’

सिरिजको सुरुवातदेखि नै लेखक-निर्देशक सफल केसी र प्रतीक गुरुङ पनि जोडिएको निकुनले जानकारी दिए। यी दुवै चर्चित फिल्म ‘हरि’का लेखक तथा निर्देशक हुन्। निकुन सिरिजमा कलाकार र निर्माता दुवै भूमिकामा देखिएका छन्। दुवै जिम्मेवारी सम्हाल्न चुनौतीपूर्ण भए पनि कलाकार र प्राविधिक टोलीबाट राम्रो सहयोग पाएको अनुभव उनले सुनाए। साथै, प्रत्येक भागमा सेलेब्रिटी गेस्ट कलाकारको उपस्थिति र सहज सुटिङ वातावरणलाई उनले विशेष उपलब्धिका रूपमा उल्लेख गरे।

अहिलेसम्म सिरिजमा अभिनेत्री आना शर्मा र अभिनेता आयुष्मान देशराज जोशी अतिथि कलाकारका रूपमा देखिएका छन्। निर्माण पक्षका अनुसार चौथो र पाँचौं भागमा पनि चर्चित कलाकारहरूको उपस्थिति रहनेछ। सिरिजका नियमित कलाकारमा निकुन श्रेष्ठ, ऋषिकेश बस्याल, शशांक बोहरा, रक्षा थापा र गौमाया गुरुङ रहेका छन्। निर्माण कम्पनीले ‘हरामी’को पाँचौं भागलाई विशेष कार्यक्रमसहित समापन गर्ने तयारी गरेको छ। साथै, दर्शकको प्रतिक्रिया र चासोलाई ध्यानमा राख्दै दोस्रो सिजन ल्याउने योजनासमेत अघि बढाइएको निर्माण पक्षले जनाएको छ।

# ‘धुरन्धर’ हजार करोड क्लबमा

**काठमाडौं/एजेन्सी–** बलिउड अभिनेता रणवीर सिंह अभिनीत बहुप्रतीक्षित फिल्म ‘धुरन्धर’ रिलिज भएको २१ दिनमै विश्वव्यापी एक हजार करोड क्लबमा प्रवेश गरेको छ। यो उपलब्धिलाई भारतीय चलचित्र उद्योगका लागि एक महत्वपूर्ण कोशेढुंगा मानिएको छ।

निर्माता कम्पनी जिओ स्टुडिओका अनुसार फिल्मले विश्वभरबाट हालसम्म १,००६.७ करोड भारतीय रुपैयाँ कमाइसकेको छ। यसमध्ये भारतमै मात्रै ७८९.१८ करोड रुपैयाँको कारोबार भएको छ भने ओभरसिज बजारबाट २१७.५० करोड रुपैयाँ संकलन गरेको छ।

डिसेम्बर ५ मा रिलिज भएको आदित्य धर निर्देशित स्पाइ-थ्रिलर ‘धुरन्धर’ले रिलिजसँगै बक्स अफिसमा मजबुत पकड बनाएको थियो। क्रिसमसको दिन मात्रै फिल्मले भारतमा करिब २८ करोड रुपैयाँ कमाएको थियो। यही निरन्तरताका कारण ‘धुरन्धर’ सन् २०२५ को सबैभन्दा धेरै कमाउने भारतीय फिल्म बन्न सफल भएको छ।



बलिउडका व्यापार विश्लेषकहरूका अनुसार ‘धुरन्धर’ले बलिउडलाई अत्यन्तै आवश्यक रहेको ब्लकबस्टर सफलता दिएको छ। यसअघि वर्षको सुरुवातमा ‘छावा’ले कीर्तिमानी कमाइ गर्दै बजार तताएको थियो भने ‘धुरन्धर’ले वर्षको अन्त्यतिर आएर बक्स अफिसमा प्रभुत्व जमाउँदै उद्योगप्रतिको आशावाद पुनर्जीवित गरेको विश्लेषण गरिएको छ।

फिल्मले नयाँ रिलिज ‘तू मेरी मै तेरा, मै तेरा तू मेरी’लाई समेत बक्स अफिस प्रतिस्पर्धामा पछाडि पारेको छ। विश्वव्यापी कमाइको हिसाबले ‘धुरन्धर’ले ‘एनिमल’ र ‘स्त्री २’ जस्ता ठुला हिट फिल्महरूलाई पनि उछिनेको छ।

यद्यपि, फिल्मको कथावस्तुलाई लिएर विवाद पनि चुलिएको छ। भूराजनीतिक विषयवस्तु समेटिएको भन्दै यसलाई ‘एन्टी-पाकिस्तान’ कथा भएको आरोप लागेको छ। यही कारण खाडीका ६ देशमा फिल्मको प्रदर्शनमा प्रतिबन्ध लगाइएको छ। बलिउड अभिनेता ऋतिक रोशनले फिल्मको मेकिङ र प्राविधिक पक्षको खुलेर प्रशंसा गरे पनि कथावस्तुसँग असहमति जनाएका छन्।

भारतमा भने सत्तारुढ भारतीय जनता पार्टी (बिजेपी) का नेताहरूले फिल्मको खुलेर प्रशंसा गरेका छन्। यसले फिल्मलाई राजनीतिक तहमा समेत मत विभाजन गराउने केन्द्र बनाएको देखिन्छ।

फिल्ममा रणवीर सिंह र अक्षय खन्नासँगै सञ्जय दत्त, आर. माधवन, अर्जुन रामपाल, सारा अर्जुन, राकेश बेदीलगायतका कलाकारको अभिनय रहेको छ। ‘धुरन्धर’ हाल नेपालमा समेत प्रदर्शनरत छ र नेपाली दर्शकबाट पनि राम्रो प्रतिक्रिया पाइरहेको बताइएको छ।

# छोरीमाथि बडी–सेमिङ भएपछि करिश्मा आक्रोशित

**काठमाडौं/मस–** अभिनेत्री करिश्मा मानन्धरले छोरी कविता मानन्धरमाथि सामाजिक सञ्जालमा भइरहेका ‘बडी-सेमिङ’का टिप्पणीप्रति कडा आपत्ति जनाउँदै आवश्यक परे कानुनी बाटो अपनाउने चेतावनी दिएकी छन्। शुक्रबार फेसबुकमा लामो भावनात्मक पोस्ट लेख्दै उनले आलोचनाका नाममा भइरहेको क्रूर व्यवहार अस्वीकार्य भएको स्पष्ट पारेकी हुन्।

करिश्माले सामाजिक सञ्जालमा आएका केही टिप्पणीका ‘स्क्रिनसट’ समेत सेयर गर्दै छोरीको शरीर, स्वरूप र अस्तित्वमाथि प्रश्न उठाउने प्रवृत्तिप्रति आक्रोश व्यक्त गरेकी छन्। उनले बिना कुनै सन्दर्भ र परिस्थिति नबुझी कसैको शारीरिक बनावटमाथि टिप्पणी गर्नु अमानवीय सोचको उपज भएको बताएकी छन्।

उनको पोस्टमा भनिएको छ, ‘मेरो छोरीमाथि बारम्बार बडी-शेमिङका टिप्पणीहरू गरिन्छ। उसको परिस्थिति के हो, उसले के भोगिरहेकी छ- यी कुरा नबुझी कसरी कसैको शरीर, स्वरूप वा अस्तित्वमाथि प्रश्न उठाउन सकिन्छ ? के सुन्दरता कुनै एउटै मापदण्डमा सीमित हुन्छ ?’

करिश्माले सुन्दरता एउटै मापदण्डमा सीमित नहुने उल्लेख गर्दै संसार विविधताले भरिएको भएको बताएकी छन्। व्यक्ति जस्तो छ, त्यस्तै भएर बाँच्न पाउनु उसको जन्मसिद्ध अधिकार भएको उनको भनाइ छ। आफूसँग छोरीको तुलना गरेर गरिने टिप्पणीप्रति पनि उनले प्रश्न उठाएकी छन्। ‘मसँग उसको तुलना गरेर टिप्पणी गर्नु कस्तो सोचको उपज हो ? आफ्नो सन्तानप्रति सचेत हुनु मेरो अपराध हो ? कि हामी जे जस्तो भौतिक रूपमा छौं, त्यसैका कारण मौन भएर लुकेर बाँच्नुपर्ने हो ?’ भन्दै उनले सामाजिक सोचमाथि प्रश्न गरेकी छन्।


## Nepal Electricity Authority

### Notice Regarding Intent to Accept the Bid

**Notice Publication Date : 2082/09/13**

| Name & Address of Office | IFB and Type of Bidding | Name & Address of Lowest Evaluated Substantially Responsive Bidder | Total Accepted Bid Price (With VAT) |
|---|---|---|---|
| Concrete Pole Plant, Tankisinuwari | NEA-CPPT-2082/083-ST-03 | M/S Y.K. Construction, Hetauda-4, Makwanpur, Nepal | NRs.6,45,94,856.70 |
| | NEA-CPPT-2082/083-ST-04 | M/S Y.K. Construction, Hetauda-4, Makwanpur, Nepal | NRs.1,84,34,481.00 |
| Melamchi Distribution Centre (Tel No.011-401040) | NEA/HMDC/LM/2082/083/ESQ-01 | M/S Acharya HPL Enterprises, Balaju-16, Kathmandu | NRs. 9,62,647.00 |
| Itahari Distribution Centre (Tel No : 9867986874) | NEA-IDC-2082/083-02-(SQ) | M/s Acharya HPL Enterprises, Balaju-16, Kathmandu | NRs. 17,48,562.00 |



## धनगढी उप–महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**धनगढी, कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्रको आशय पत्र सम्बन्धी सूचना

**प्रकाशित मिति २०८२/०९/१३**

यस धनगढी उप- महानगरपालिका नगर कार्यपालिका कार्यालयको आ. व. २०८२/०८३ अन्तर्गत तपसिल बमोजिमका कार्यको लागि राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएका बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| ठेक्का न. | कामको विवरण | फर्म/ कम्पनी | कबोल रकम |
|---|---|---|---|
| 21/DSMC/ 2082/083 | Construction of RCC Motorable Bridge (Span 1X18) on Kailali Khola Near Rastriya Aadharbhut School on the way to Shivapuridham Ward No. 04 & 05 DSMC | श्री प्रेम डेभलपर्स ग्रुप प्रा. लि. धनगढी, कैलाली | रु. २,७०,५३,८८४/२५ मु. अ. क. बाहेक |
| 22/DSMC/ 2082/083 | Construction of RCC Motorable Prestress Bridge (Span 1X35) on Saurata Khola Ward No. 17 DSMC | श्री मणिलेक निर्माण सेवा प्रा. लि. धनगढी, कैलाली | रु. ३,६८,९६,०६०/३० मु. अ. क. बाहेक |
| 31/DSMC/ 2082/083 | Construction of Blacktop Road Works at Ward No. 9 DSMC | श्री नरदेव निर्माण सेवा धनगढी, कैलाली | रु. २२,५७,८९४/४१ मु. अ. क. बाहेक |
| 32/DSMC/ 2082/083 | Construction of Blacktop Road (Ghodsuwa Geta Baskheda Chok – Nahar- Bela Section) Works at Ward No. 11 DSMC | श्री छत्रपाल निर्माण सेवा धनगढी, कैलाली | रु. १८,०३,३१०/४५ मु. अ. क. बाहेक) |
| 33/DSMC/ 2082/083 | Construction of Blacktop Road (B Gau Bista Tole Pipal Chautara to Mudbhara Tole) Works at Ward No. 14 DSMC | श्री ए. एन. एस. कन्स्ट्रक्सन धनगढी, कैलाली | रु. १७,४५,२०५/०० मु. अ. क. बाहेक |

**प्रमुख प्रशासकीय अधिकृत**



चरनमा राखिएका मौरी, मोरङको बेलबारी-११ भाङबारी नजिकै तोरी बारीमा चरनका लागि राखिएको घारसहित मौरी ।
*तस्बीर : विवेक मिश्र/रासस*

## बागमती प्रदेशमा धान उत्पादन वृद्धि

**हेटौँडा/मस-** बागमती प्रदेशका जिल्लाहरूमा यस वर्ष धानबाली उत्पादनमा सामान्य वृद्धि भएको छ। बागमती प्रदेश कृषि विकास निर्देशनालयका अनुसार बागमती प्रदेशका जिल्लामा अघिल्लो वर्षको तुलनामा यस वर्ष धान उत्पादनमा शून्य दशमलव २५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको तुलनामा यस वर्ष बाढी पहिरोको प्रभाव कम परेको र रोग किराको प्रकोप पनि कम भएकाले धान उत्पादनमा वृद्धि भएको बागमती प्रदेशको कृषि विकास निर्देशानलयका सूचना अधिकारी तथा कृषि अर्थविज्ञ नवीन कुँवरले जानकारी दिए ।



सूचना अधिकारी कुँवरका अनुसार बागमती प्रदेशमा चालु आर्थिक वर्ष २०८२/८३ मा कूल एक लाख आठ हजार ८२० हेक्टर क्षेत्रफलमा धानबाली लगाइएकामा प्रतिहेक्टर ४ दशमलव १५ मेट्रिक टनका दरले चार लाख ५१ हजार ७८ मेट्रिक टन धान उत्पादन भएको छ ।

अघिल्लो आव २०८१/८२ मा कूल एक लाख पाँच हजार ४१५ हेक्टर क्षेत्रफलमा धानबाली लगाइएकामा प्रतिहेक्टर तीन दशमलव ८७ मेट्रिक टनका दरले चार लाख आठ हजार ३१६ मेट्रिक टन धान उत्पादन भएको थियो। यस्तै आव २०८०/८१ मा एक लाख नौ हजार हेक्टर १५१ क्षेत्रफलमा धानबाली लगाइएकामा चार लाख १३ हजार ९८८ मेट्रिक टन धान उत्पादन भएको थियो ।

सूचना अधिकारी कुँवरका अनुसार बागमती प्रदेशको सबैभन्दा बढी धानखेती हुने चितवनमा यस वर्ष २७ हजार ३२५ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर चार दशमलव ९६ मेट्रिक टनका दरले एक लाख ३५ हजार ५३२ मेट्रिक टन धान उत्पादन भएको छ ।

यस्तै नुवाकोटमा ११ हजार ६१५ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर चार दशमलव १३ प्रतिशतका दरले ४७ हजार ९७८ मेट्रिक टन र धादिङमा ११ हजार १५९ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर चार दशमलव २३ प्रतिशतका दरले ४७ हजार २०३ मेट्रिक टन धान यस वर्ष उत्पादन भएको उनले बताए ।

उपत्यकाको काठमाडौंमा यस वर्ष तीन हजार ६०० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर चार दशमलव ९८ प्रतिशतका दरले १७ हजार ९२८ मेट्रिक टन, ललितपुरमा चार हजार १२८ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर चार दशमलव ७८ प्रतिशतका दरले १९ हजार सात सय ३२ मेट्रिक टन र भक्तपुरमा दुई हजार ६९७ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर पाँच दशमलव ५३ प्रतिशतका दरले १४ हजार ९१४ मेट्रिक टन धान उत्पादन भएको सूचना अधिकारी कुँवरले बताए ।

यसवर्ष मकवानपुरमा आठ हजार ४९३ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर तीन दशमलव ८८ प्रतिशतका दरले ३२ हजार नौ सय ५१ मेट्रिक टन, सिन्धुलीमा १२ हजार ३८५ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर तीन दशमलव ७६ प्रतिशतका दरले ४६ हजार ५६८ मेट्रिक टन, काभ्रेमा आठ हजार १९८ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर चार दशमलव २१ प्रतिशतका दरले ३४ हजार ५१४ मेट्रिक टन, रामेछापमा सात हजार ४६६ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर दुई दशमलव ६९ प्रतिशतका दरले २० हजार ८४ मेट्रिक टन र सिन्धुपाल्चोकमा सात हजार ९०० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर तीन दशमलव ०३ प्रतिशतका दरले २३ हजार ९३७ मेट्रिक टन धान उत्पादन भएको जनाएको छ ।

यस्तै बागमती प्रदेशको दोलखामा दुई हजार ७५८ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर दुई दशमलव ६५ प्रतिशतका दरले सात हजार ३०८ मेट्रिक टन र रसुवा जिल्लामा एक हजार ९५ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर दुई दशमलव २२ प्रतिशतका दरले दुई हजार ४३१ मेट्रिक टन धान उत्पादन भएको उनले जानकारी दिए ।

समयमा वर्षा र रोग किराको प्रकोप कम भएकाले यस वर्ष धान उत्पादन दर बढेको सूचना अधिकारी कुँवरको भनाइ छ । अघिल्लो वर्ष २०८१ असोज ११ र १२ को वर्षा र बाढीपहिरोका कारण धानबालीमा क्षति पुगेकाले अघिल्लो वर्ष धान उत्पादनमा एक दशमलव ३७ प्रतिशतले ह्रास आएको थियो ।

नेपालको वैदेशिक व्यापार

## २७ भन्सार नाकामा वीरगन्ज र विराटनगरको वर्चस्व

### १२ वटा नाकाबाट निर्यात शून्य

**तारा पौडेल/मध्यान्ह**
काठमाडौं, १२ पुस




नेपालको वैदेशिक व्यापारमा २७ भन्सार कार्यालयहरूमध्ये केही सीमित नाकाहरूले मात्रै ठूलो हिस्सा ओगटेका छन्। भन्सार विभागले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो पाँच महिना (साउन-मंसिर) को तथ्यांकअनुसार नेपालले कुल ७ खर्ब ६६ अर्ब १८ करोड ९१ लाख ९२ हजार रुपैयाँ बराबरको वस्तु आयात गरेको छ भने १ खर्ब १६ अर्ब ५० करोड ९० लाख ३६ हजार रुपैयाँको मात्र निर्यात गर्न सकेको छ ।

समीक्षा अवधिमा नेपालको कुल आयात निर्यातमा वीरगन्ज भन्सारको योगदान सबैभन्दा धेरै रहेको छ भने १२ वटा नाकाबाट निर्यातको अवस्था शून्य रह्यो ।

सो अवधिमा भएको कुल आयातको झण्डै आधा हिस्साको नजिक ४६.८८ प्रतिशत वीरगन्ज भन्सारले ओगटेको छ । यस नाकाबाट ३ खर्ब ५९ अर्ब २२ करोड रुपैयाँको आयात भएको विभागले जनाएको छ । निर्याततर्फ पनि वीरगन्ज नाका नै ३९ अर्ब ९६ करोड ४० हजार रुपैयाँ अर्थात् ३४.३१ प्रतिशत सहित अग्रस्थानमा छ । विराटनगर भन्सार आयातमा तेस्रो स्थानमा भए पनि निर्यातमा भने यसको योगदान राम्रो रहेको देखिएको छ । समीक्षा अवधिमा विराटनगरबाट ३४ अर्ब ४९ करोड रुपैयाँ बराबरको वस्तु निर्यात भएको छ, जुन कुल निर्यातको २९.६० प्रतिशत हो। तर, सो कार्यालयबाट ९१ अर्ब ३८ करोड ५८ लाख ७३ हजार रुपैयाँको आयात भएको छ ।

यस्तै, भैरहवा भन्सारबाट १ खर्ब १६ अर्ब ९६ करोड ४५ लाख १३ हजार अर्थात् १५.२७ प्रतिशतको आयात र १२ अर्ब २ करोड १०.३२ प्रतिशतको निर्यात भएको छ ।

समीक्षा अवधिमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सारबाट ८३ अर्ब ४० करोड २६ लाखको आयात हुँदा १५ अर्ब ३५ करोड १३.१८ प्रतिशत बराबरको निर्यात भयो । सो अवधिमा मेची भन्सार कार्यालयबाट भने १० अर्ब ७१ करोड ४० लाख रुपैयाँ अर्थात् ९.२० प्रतिशतको योगदान भएको छ भने सो भन्सार कार्यालयबाट २.६३ प्रतिशत बराबरको वस्तु आयात भएको छ ।

विशेषगरी चीनसँगका प्रमुख नाकाहरू तातोपानी भन्सारबाट १७ अर्ब ५५ करोड ५२ लाख र रसुवा भन्सारबाट ४ करोड ७५ लाख बराबरको वस्तु आयात हुँदा निर्यात भने शून्य रह्यो। सो बाहेक भद्रपुर, जनकपुर, महेशपुर, राजविराज, सति, सिरहा, सुनसरी, सुठौली र ठाडी जस्ता नाकाहरूबाट पनि समीक्षा अवधिमा कुनै पनि वस्तु निर्यात भएको देखिँदैन ।

आयात निर्यातमा केही योगदान रहेको देखिएपनि केही भन्सार कार्यालयहरूमा व्यापारिक गतिविधि भने निकै न्यून देखिएको छ । समीक्षा अवधिमा पशुपतिनगर भन्सार नाकाबाट २ लाख ९८ हजारको आयात र ४ करोड ९८ लाखको निर्यात, ठाडी भन्सार नाकाबाट २९ लाख ७१ हजार रुपैयाँको मात्र आयात र त्रिवेणी भन्सार नाकाबाट १ लाख २३ हजार रुपैयाँको आयात र १६ हजारको निर्यात भएको छ ।

सरकारले निकै ठूलो लगानी गरेर स्थापना गरेको चोभार सुख्खा बन्दरगाहबाट ४ करोड ४२ लाख ४७ हजार रुपैयाँको आयात हुँदा निर्यात भने शून्य रह्यो ।

## ओमोडा र जेको गाडीको ब्रान्ड एम्बासडर रोहित

**काठमाडौं/मस-** नेपालका लागि ओमोडा र जेको गाडीको आधिकारिक बिक्रेता एसपीजी अटोमोबाइल्सले राष्ट्रिय क्रिकेट टोलीका कप्तान रोहित पौडेललाई ब्रान्ड एम्बासडरमा नियुक्ति गरेको छ ।




नेपाली क्रिकेटमा ऐतिहासिक सफलता दिलाउँदै पौडेलको कप्तानीमा लुम्बिनी लायन्सले हालै एनपीएल सिजन-२ को उपाधि प्राप्त गरेको थियो । उक्त उपलब्धिको सम्मानस्वरूप एसपीजी अटोमोबाइल्सले पौडेललाई जे फाइभ ईभी गाडी प्रदान गरेको छ । साथै, यस अवसरमा एसपीजी अटोमोबाइल्सले यसअघि ब्रान्ड एम्बासडरको भूमिका निर्वाह गरेका राष्ट्रिय क्रिकेटर दीपेन्द्र सिंह ऐरीलाई पनि विशेष सम्मान गर्‍यो । एसपीजी अटोमोबाइल्सले खेलकुद क्षेत्रसँगको सहकार्यमार्फत युवा पुस्तालाई प्रेरणा दिने र नेपाली क्रिकेटको विकासमा योगदान पुर्‍याउने उद्देश्य रहेको जनाएको छ ।

## एनआइसीका ग्राहकलाई आइएमई हस्पिटालिटीमा छुट



**काठमाडौं/मस-** एनआइसी एसिया बैंकका ग्राहकले आइएमई हस्पिटालिटी प्रालिले उपलब्ध गराउने सेवामा छुट पाउने भएका छन् । बैंक र हस्पिटालिटीबीच भएको सम्झौताअनुसार बैंकका ग्राहकले सो छुट पाउने भएका हुन् ।

उक्त समझदारी पत्रमा बैंकको तर्फबाट डिजिटल एण्ड ट्रान्जेक्सन बैंकिङ प्रमुख विमल लम्साल र आईएमई हस्पिटालिटीका तर्फबाट प्रमुख कार्यकारी अधिकृत प्रसन्न अधिकारीले हस्ताक्षर गरेका छन् । समझदारीअनुनसार बैंकको डेबिट वा क्रेडिट कार्ड प्रयोगकर्ता ग्राहकलाई हस्पिटालिटी अन्तर्गतका विभिन्न होटल, रेष्टुरेन्ट तथा केबलकार सेवाहरूमा १० प्रतिशतसम्म छुट पाउनेछन् ।

बैंकका ग्राहकले होटल ले हिमालय (लाजिम्पाट), इला होटल्स एण्ड रिसोर्ट्स (मौलाकाली), इला कम्फर्ट (बाग्लुङ), द लेकसाइड रिसोर्ट (पोखरा), सेक एण्ड फेंग रेष्टुरेन्ट (लाजिम्पाट), मौलाकाली केबलकार र लुम्बिनी केबलकारमा १० प्रतिशतसम्म छुट उपयोग गर्न सक्ने छन् । छुट सुविधाको उपयोग गर्न ग्राहकले बैंकको डेबिट कार्ड वा क्रेडिट कार्ड प्रयोग गरी भुक्तानी गर्नुपर्ने छ ।

## होटल संघले पर्यटनमन्त्रीलाई गरायो पाँच बुँदामा ध्यानाकर्षण

**पोखरा/मस-** होटल संघ पोखरा नेपालले पर्यटन क्षेत्रलाई उद्योग सरहको मान्यता दिन भन्दै सरकारलाई पाँच बुँदे ध्यानाकर्षण पत्र बुझाएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री अनिलकुमार सिन्हालाई शनिबार पाँच बुँदे ध्यानाकर्षण पत्र बुझाउँदै संघका अध्यक्ष लक्ष्मण सुवेदीले चालु बजेटमा पर्यटन क्षेत्रलाई उद्योग सरहको मान्यता प्रदान गरी सोही अनुसारको सुविधा प्रदान गर्ने विषय कार्यान्वयन हुन नसकेको स्मरण गराएका थिए ।



उद्योग र कानुन मन्त्रालयको समेत जिम्मेवारी सम्हालेका मन्त्री सिन्हालाई संघले पोखरामा स्वागत गर्दै उल्लेखित विषयलाई शिघ्र कार्यान्वयनमा लैजान ध्यानाकर्षण गराएको हो । आन्तरिक उडानमा मात्रै सीमित रहेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट भारत र चीनका विभिन्न सहरहरूमा उडान सञ्चालन गराउन आवश्यक पहल गर्न पनि अध्यक्ष सुवेदीले ध्यानाकर्षण गराएका थिए ।

यसका साथै, संघले छिमेकी देशका सीमावर्ती सहर र आन्तरिक पर्यटकलाई लक्षित गर्दै प्रादेशिक सहरबीच आन्तरिक हवाई सञ्जाल विस्तार गर्न र २०५७ भन्दा पहिले निर्माण भएका साना तथा मझौला होटल उद्योगहरूले गर्नुपर्ने वातावरणीय अध्ययन व्यावहारिक नभएको भन्दै खारेज गर्न माग गरेको छ । जेनजी आन्दोलनबाट प्रत्यक्ष प्रभावित होटल प्रतिष्ठानहरूलाई पुनरूत्थानका लागि उचित राहतको व्यवस्था गर्न र पोखरासँग जोडिएका मुख्य राजमार्गको स्तरोन्नति कार्यलाई तोकिएको समयसम्म पूरा गर्न सम्बन्धित निकायलाई दबाब दिनुपर्ने आवश्यकता समेत संघले स्मरण गराएको छ ।

सो अवसरमा मन्त्री सिन्हाले पर्यटन क्षेत्रलाई उद्योग सरहको सहुलियत दिने विषयमा छलफल अगाडि बढेको र छिट्टै कार्यान्वयन हुने आश्वासन दिएका छन् । पोखराबाट अन्तर्राष्ट्रिय उडान गर्ने विषयमा सरकार लागि परेको उनले बताए ।

## उद्यमीलाई सशक्त बनाउन लक्ष्मी सनराइजले सहकार्य गर्ने

**काठमाडौं/मस-** लक्ष्मी सनराइज बैंकले आद्यन्ता एडभाइजरी प्रालि र अमेरिकन चेम्बर अफ कमर्स इन नेपाल (अमच्याम नेपाल)सँग सम्झौता गरेको छ । नेपालको प्रविधि र कृत्रिम बौद्धिकता (एआई) नवप्रवर्तन पारिस्थितिकी तन्त्रलाई मजबुत बनाउने प्रयास स्वरूप सो सम्झौता गरिएको बैंकले जनाएको हो ।




यसले उच्च मूल्य तथा उच्च परिमाणका व्यावसायिक कारोबारलाई नगद र चेकबाट सुरक्षित डिजिटल माध्यमतर्फ रूपान्तरण गर्ने, एपीआई तथा होस्ट-टु-होस्ट जडानमार्फत समाहित गर्ने र व्यावसायिक भुक्तानीको लागि डिजिटल प्लेटफर्मलाई डिफल्ट माध्यमको रूपमा स्थापित गर्ने लक्ष्य राखेको छ ।

सम्झौताअनुसार लक्ष्मी सनराइजले डिजिटल डिसेम्बर २०२५ का मूल स्तम्भहरूसँग मिल्दोजुल्दो सहकार्यका क्षेत्रहरू अनुसन्धान गर्नेछ जसमा एपीआई सक्षम पार्ने, प्लेटफर्म जडान, र उद्यम तयारपन समावेश छन् । यस अन्तर्गत नवप्रवर्तनकर्ताहरूलाई उद्यमसँग सम्बन्धित डिजिटल समाधानको प्रोटोटाइप बनाउन चयन गरिएको ओपन एपीआई वा स्यान्डबक्स वातावरणमा पहुँच प्रदान गर्ने, उच्च सम्भावित भेन्चरहरूसँग प्रारम्भिक संलग्नता मार्फत बजार तयारपन र स्केल अप क्षमता मूल्यांकन गर्ने, र डिजिटल वित्त, फिनटेक सक्षम विकास र स्टार्टअप तथा स्केल अप पूँजीमा विशेषज्ञद्वारा सत्र सञ्चालन गर्ने योजना रहेको छ ।

डिजिटल डिसेम्बरको उद्यम भुक्तानीमा केन्द्रित पहललाई नवप्रवर्तन समर्थनसँग जोडेर बैंकले डिजिटल बैंकिङलाई मात्र सञ्चालन सुधारको रूपमा नभई नेपालको नवप्रवर्तन अर्थतन्त्रको आधारभूत तहको रूपमा प्रस्तुत गरेको छ । आद्यन्ता एडभाइजरीले कार्यक्रम डिजाइन, परामर्श, र पारिस्थितिकी तन्त्र संलग्नता समन्वय गर्नेछ भने अमच्याम नेपाल र आद्यन्ता फण्ड म्यानेजमेन्टले निजी क्षेत्र नेटवर्कमार्फत दृश्यता, ज्ञान आदानप्रदान र व्यापक सहभागिताको लागि सहयोग पुर्‍याउने जनाइएको छ ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**